# परिच्छेद एक

# परिचय

देश विकासको प्रमुख माध्यम शिक्षा हो । हरेक व्यक्ति त्यो देशको मानविय स्रोत हो । व्यक्तिको चौतर्फी विकास गराउने प्रमुख माध्यम पनि शिक्षा नै हो । हरेक बालवालीकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनका लागि सानै उमेर देखि औपचारिक शिक्षा दिने प्रयास गरिन्छ । यस्तो औपचारिक शिक्षा हासिल गर्न सजिलो होस, यसको पूर्वाधार राम्रो बन्न सकोस भन्ने उद्देश्यले प्रारम्भिक बालविकास केन्द्रहरूको व्यवस्था गरिएको छ । यस्ता बालविकास केन्द्रहरूको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि सरोकारवालाको भूमिकामा आधारित रही यो अध्ययन गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

मानवको सम्पूर्ण जीवनकाललाई अध्ययन गर्दा पूर्व बाल्य अवस्था भनेको जीवनको पहिलो आधारसिला भएका कारण बृद्धि र विकासका दृष्टिकोणले यो अवस्था ज्यादै नै महत्वपूर्ण मानिन्छ । यसै अवस्थामा सबै खालका विकासका पूर्वाधार बन्ने हुँदा यस अवस्थाको बृद्धि र विकासले भावी जीवनमा प्रत्यक्ष असर पुऱ्याउँछ । बालबालिकाको पहिलो शिक्षक आमा हुन भने पहिलो पाठशाला घर परिवार नै हो । बालकले घर परिवारबाट नै नैतिक मूल्य मान्यता, आपसी सहयोग जस्ता विविध पक्षमा धेरै कुरा सिक्दछ । उमेर बढ्दै जादा अब ऊ विद्यालयमा जान्छ र औपचारिक रूपले शिक्षा हासिल गर्न सुरु गर्दछ । स-साना बालबालिकालाई सक्षम, सुसंस्कृत र रचनात्मक र सचेत नागरिक बनाउन बालबालिकाको रुची, चाहना, इच्छा, अनुसारको सिकाइ सिकाउन, समाजमा समायोजन हुन सक्ने बनाउन शिक्षाका तहगत र राष्ट्रिय उद्देश्यहरू पुरा गराउन औपचारिक शिक्षाको आवश्यकता पर्दछ ।

आजको युग बैज्ञानिक र प्रतिस्पर्धात्मक युग हो । आज हरेक राष्ट्रलाई कस्तो जनशक्ति उत्पादन गर्ने भन्ने विषय चुनौति पूर्ण बन्न पुगेको छ । राष्ट्रले उत्पादन गर्ने जनशक्ति राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने हुनु पर्छ । राष्ट्रको आर्थिक, सामाजिक, राजनैतिक, कृषि, संचार शिक्षा विकासका लागि दक्ष, प्राविधिक सीपयुक्त

जनशक्ति उत्पादनका लागि राज्यका तर्फबाट औपचारिक र अनौपचारिक शिक्षाको व्यवस्थ गरेको हुन्छ । औपचारिक शिक्षालाई प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक (१०+२) गरी विद्यालयको शैक्षिक संरचना कायम गरेको पाइन्छ भने उच्च शिक्षा अध्ययनका लागि पनि विभन्न सङ्काय अन्तरगत संरचनाहरू कायम गरिएको छ । पूर्वप्राथमिक शिक्षाको आवस्यकता सम्बन्धमा विभिन्न आयोगका प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ तर पनि " राष्ट्रिय शिक्षा आयोग २०४९"को प्रतिवेदनमा यस विषयमा धेरै महत्व दिएको पाइन्छ । त्यस्तै गरि "उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५" ले पूर्वप्राथमिक शिक्षालाई विद्यालय शिक्षाको संरचना भित्र राख्नु पर्ने कुरा सिफारिस गरे पछि "शिक्षा नियमावली २०५९ को परिच्छेद १२ को नियम ६७ मा शिशू विकास केन्द्र स्थापना सम्बन्धी व्यवस्था गरिएको पाइन्छ ।

शिक्षा नियमावलीले दिएको अधिकार प्रयोग गरी बालविकास केन्द्र सञ्चालनका लागि तत्कालीन सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग सानोठिमी भक्तपुरबाट प्रारम्भिक बालविकास केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका २०६१ जारी गरी प्राथमिक तहको कक्षा १ मा भर्ना हुनका लागि निर्धारित ५ वर्ष उमेर पुरा भइनसकेका ४ देखि ५ वर्ष (हाल ३ देखि ४ वर्ष) उमेर समूहका बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक एवम् संवेज्ञात्मक लगायत सर्वाङ्गीण विकासका लागि संचालन भएको संस्था बालविकास केन्द्र हो भने यसमा संचालीत शैक्षिक कार्यक्रमलाई बालविकास कार्यक्रम भनिन्छ । यस्तो कार्यक्रम सञ्चालन गर्न केन्द्रमा भौतिक व्यवस्थापन लगायत सबै पक्षको व्यवस्था र कार्यान्वयन गर्नका लागि जिम्मेवारी व्यक्ति, निकाय संस्था एवम् कार्यालयलाई सरोकारवाला भनिन्छ ।

यस्तै गरी उक्त निर्देशिकामा "बालविकास केन्द्र" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ६७ ले बालविकास केन्द्र वा यस्तै नामबाट स्थापित बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्न ४ वर्ष मुनिका बालबालिकाहरूका लागि मात्र सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका बालबालिकाहरूका साथै ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि समेत सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्वप्राथमिक कक्षा सहितको समुदायमा आधारित भै नेपाल सरकारको मातहको सम्बन्धित निकायबाट अनुमति, स्वीकृति र अनुदान प्राप्त गरी सञ्चालित संस्थाको स्वीकृत संरचनालाई सम्झनु पर्छ भनि उल्लेख गएिको पाइन्छ ।

बालविकास केन्द्र सम्बन्धी माथि उल्लेखित परिभाषा एवम् व्यवस्थालाई दृष्टिगत गर्दा केन्द्र स्थापनाका साथै केन्द्र सञ्चालनका लागि आवश्यक नियम कानुन र अनुदान समेतको व्यवस्था गरी प्रवन्ध मिलाउन खोजेको पाइन्छ । त्यसै गरी पछिल्ला वर्षहरूमा राष्ट्रको कूल बजेटबाट करिब १७ प्रतिशत रकम (आ.ब. २०६७/०६८ मा १७.१प्रतिशत) शिक्षा क्षेत्रलाई छुट्याइएको थियो भने आ.व. २०६८।०६९ को कूलबजेटको १६.६ प्रतिशत रकम विनियोजन गरेको पाइन्छ , (गोरखापत्र, वर्ष ११, अंक ७१, २०६८ असार ३१) यसबाट पनि शिक्षाको महत्वलाई प्राथमिकता दिएको पाइन्छ तर बजेट व्यवस्था गर्नु मात्र ठूलो कुरा होइन, उद्देश्यअनुसारको लक्ष्य प्राप्त गर्नका लागि सरोकार व्यक्ति र निकायलाई सक्रिय बनाई आफ्ना काम कर्तव्य र अधिकारप्रति सजग गराई कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

बालबालिकाको २ वर्ष देखि १३/१४ वर्षसम्मको उमेरलाई बाल्यावस्था भनिन्छ । यस अवस्थालाई पनि पूर्व बाल्यावस्था (२-६ वर्ष) र उत्तर बाल्यावस्था (६/७-१३/१४) मा विभाजन गरिएको छ । यस अवस्थालाई बालकको व्यक्तित्व विकासको उमेर भनिन्छ । यस अवस्थामा (५/६ वर्ष सम्ममा) बालकले जेजस्ता बानी व्यवहार सिक्छ, जेजस्ता क्रियाकलापहरू सिक्छ त्यसले उसको भविष्यको निर्धारण गर्दछ । त्यसैले यस अवस्थालाई जीवनको आधारस्तम्भको उमेर भनिन्छ । यस अवस्थालाई आमाबावुले समस्याको उमेर, खेलौना खेल्ने उमेर भनेर बुझ्दछन् भने शिक्षाविदहरूले पूर्व विद्यालय उमेर, रचनात्मक उमेर, नक्कल गर्ने उमेर, खेल्ने उमेर, प्रश्नहरू सोधी रहने उमेर र आधारस्तम्भको उमेर भनेर व्याख्या गरेको पाइन्छ भने मनोबैज्ञानिकहरूले सामाजिक व्यवहारको आधार स्तम्भको अन्वेषणत्मक प्रश्नावली को उमेर,सृजनशील तथा नक्कल गर्ने उमेर भनेर आ-आफ्नै तरीकाले व्याख्या एवं विश्लेषण गरेको पाइन्छ, (शर्मा, २०५२) । यस्ता विभिन्न तथ्यहरूलाई मनन गर्दा प्रारम्भिक बाल्यावस्थाा मानिसको सम्पूर्ण जीवनको परिचयात्मक अध्याय हो भनेर भन्न सकिन्छ । विकासबादी बैज्ञानिकहरूले यस अवस्थामा ९० प्रतिशत बौद्धिक विकास भैसकेको हुने र अन्य बृद्धि र विकास पनि तिव्र रूपमा हुने हुँदा यो अवस्थामा विकासको पूर्ण अवसर प्रदान गर्नु नितान्त आवश्यक हुन्छ भन्ने कुरा पुष्टि गरी सकेका छन् ।

जब एउटा बालक पहिलो पटक विद्यालयमा जान्छ, उसले कस्तो अनुभव गर्छ होला? यसलाई मनोबैज्ञानिक दृष्टिबाट हेर्न आवश्यक हुन्छ । कक्षाकोठाको वातावरण, विद्यालयको वातावरण, उसलाई पढाउने शिक्षक, उपलब्ध शैक्षिक र भौतिक सुविधाहरूले उसमाथि विशेष प्रभाव पार्दछ । यस्ता पक्षको व्यवस्थापनमा सरोकारवालाको ध्यान जानु अति आवश्यक छ । नेपाल सरकारको लक्ष्य अनुरूप ४ वर्षदेखी ५ वर्ष उमेर समुहका बालबालिकाहरूलाई न्यूनतम एक वर्ष बालविकास केन्द्रमा आवश्यक शैक्षिक एवम् भौतिक व्यवस्थापन उपयुक्त बनाई बाल मैत्री वातावरणमा मनोरञ्जनात्मक तरिकाले शिक्षा प्रदान गर्ने र ५ वर्ष उमेर पुरा भएपश्चात प्राथमिक शिक्षाको आधारभूत तह कक्षा १ मा भर्ना गर्ने गरी नेपाल भर ७५ जिल्लामा यस्ता बालविकास केन्द्रहरूको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । शिक्षा विभाग, सानोठिमी भक्तपुरद्वारा प्रकाशित फल्यास२ प्रतिवेदन २०६७ का अनुसार अधिराज्य भरीमा जम्मा २९०८९ प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक शिक्षा विकास र विस्तारमा संस्थागत (निजी) विद्यालयहरूको पनि ठूलो योगदान रहेको छ ।

बालबालिकाहरूका लागि यो अवस्था ज्यादै नै महत्वपूर्ण अवस्था हो । यस अवस्थामा सिकेको कुराहरू नै भावी सिकाईको जग हुने हुँदा बालविकास केन्द्रहरू लाई जुन रूपमा व्यवस्थित र प्रभावकारी ढङ्गले संचालन गर्नु पर्ने हो, त्यस्तो हुन सकिराखेको छैन, (प्रारम्भिक बालविकास निर्देशिका २०६१) ।

नेपाल सरकारले २०६१ सालदेखि लागु गरेको यो कार्यक्रम सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना (सन २००१-२०१५) मा उल्लेखित बाल शिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरूकै एउटा अङ्गको रूपमा विद्यालय क्षेत्रसुधार योजनासँग समेटिएको कार्यक्रम हो । यसले विद्यालय क्षेत्रसुधार योजनाको आधार स्तम्भको रूपमा योगदान पुऱ्याउने आशा एंव अपेक्षा गरिएकोछ ।

माथि उल्लेखित तथ्य तथा भनाईहरूलाई विश्लेषण गर्दा बालविकास कार्यक्रम अन्तर्गत स्थापना गरिएका बालविकास केन्द्रको आवश्यकता र महत्वका बारेमा दुईमत हुन सक्दैन

तर सरकारले योजना गर्दैमा, कार्यक्रम ल्याउदैमा केहि बजेट विनियोजन गर्दैमा, विभिन्न सरकारवालाकमो काम कर्तव्य र अधिकार तोक्दैमा कार्यक्रमले सफलता पाउछ र लक्ष्य हासिल हुन्छ भन्न सकिदैन । अत हाल सञ्चालित बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाले के कस्तो अनुभव हासिल गरेका छन् ? के कस्तो शैक्षिक र भौतिक व्यवस्थापनको व्यवस्था छ ? सरोकारवालाले खेल्नु पर्ने भूमिका र बहन गर्नु पर्ने उत्तर दायित्वको अवस्था कस्तो छ ? निति नियमहरूको कार्यान्वयनको अवस्था कस्तो छ? बालविकास केन्द्रको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि सरोकारवालाको थप भूमिका के हुन सक्छ? जस्ता थुप्रै प्रश्न र जिज्ञासाहरू मेटाउने उद्देश्यले “बालविकास केन्द्रको व्यवस्थापन” विषयमा अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५को प्रतिवेदनले शिशु उमेर अनुकूल शिक्षा प्रदान गर्ने पूर्व प्राथमिक शिक्षालाई शैक्षिक संरचना भित्र ल्याई एक वर्षको पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नु पर्ने कुरा सिफारिस गरे पश्चात पूर्वप्राथमिक शिक्षालाई बढी महत्व दिनुलाई राष्ट्रिय शिक्षा नीतिको महत्वपूर्ण कार्य मानिन्छ । बालविकास केन्द्रको स्थापनाको मुख्य उद्देश्य प्राथमिक तहको आधारभूत तहको कक्षा १ मा भर्ना हुनु अगावै ४-५ वर्ष उमेर समूहका बालबालिकाहरूलाई कम्तिमा १ वर्ष बालविकास केन्द्रमार्फत आधारभुत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकासका सम्भावनाहरूको ढोका खोल्नका लागि बालविकास सेवामा पहुँच बढाउने रहेको छ ।

बालविकास केन्द्रको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि राष्ट्रिय स्तरमा निति नियमको तर्जुमा गरी आवश्यक बजेटको समेत व्यवस्था गरी स्थानीय स्तरमा कक्षा कोठा सम्मको पहुँच र तयारी को नीति रहे पनि सरोकारवालाका भूमिका निर्धारण गरे पनि अपेच्छित लक्ष्यहरू हासिल गर्नका लागि गर्नु पर्ने कुराहरू अझै धेरै बाँकि छन् । यस्ता केन्द्रहरूको प्रभावकारी व्यवस्थापनका लागि नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग क्षे.शि.नि., जि.वि.स.,जि.शि.का., गा.वि.स. / न.पा, स्रोतकेन्द्र वि.नि., वि.व्य.स., केन्द्र व्यवस्थापन समिति, प्र.अ., सहयोगी कार्यकर्ता , अभिभावक, नागरिक समाज, राजनैतिक पार्टीहरू र अन्य सरोकार- वाला सबैले आ-आफ्नो क्षेत्रबाट, आ-आफ्ना

जिम्मेवारी बोध र दायित्व प्रभावकारी ढङ्गले निर्वाह गर्न सकेमात्र कार्यक्रमले सफलता पाउन सक्ने कुरामा दुईमत हुन सक्दैन ।

यस्तो अवस्थामा बालविकास केन्द्रको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि सरोकारवालाहरू को-को हुन् ? केन्द्र व्यवस्थापन समितिको भूमिका के हुने ? प्र.अ.को भूमिका कस्तो हुने ? जि.शि.का. र नगरपालिकाको भूमिका कस्तो हुने ? स.का. को भूमिका कस्तो छ ? अभिभावकको भूमिका कस्तो छ ? स.का. को परिश्रमिक तथा सुविधा के कस्तो छ? बालविकास केन्द्रका अन्य समस्याहरू के कस्ता छन् ? जस्ता प्रश्नहरू समस्याको रूपमा पाइएको छ । यस्तै प्रश्नहरूको जिज्ञासा मेटाउन “बालविकास केन्द्रको व्यवस्थापन” लाई यस अध्ययनको समस्या कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

जुन उद्देश्य र परिकल्पना गरी बालविकास केन्द्रहरूको स्थापना गरिएको हुन्छ त्यसको परिपूर्तिको लागि सरोकारवालाको भूमिका महत्वपूर्ण हुन्छ । बालविकास केन्द्रका विविध पक्षहरूको समुचित व्यवस्थागर्न सकेमात्र स-साना बालबालिकाहरूमा रचनात्मक सोचाईको विकास गराउन सकिन्छ । बालविकास केन्द्रको भौतिक र शैक्षिक व्यवस्थापनको दयनीय अवस्था, स.का.को न्यूनतम योग्यता (कक्षा ८ पास गरेका) सामान्य तालिम, मासिक रु. १८००।- तलब भत्तामा काम गर्नु पर्ने जस्ता अवस्थाबाट सहयोगी कार्यकर्ताबाट अपेच्छित, उद्देश्यहरू पुरागर्न चुनौतिपूर्ण छ । अत “बालविकास केन्द्रमा सरोकारवालाको भूमिका” विषयमा गर्न लागिएको अध्ययनकमो औचित्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) बालविकास केन्द्रमा उपलब्ध साधन र स्रोतको समुचित प्रयोगमा सहयोग पुऱ्याउनु ।

ख) बालविकास केन्द्रमा शैक्षिक र भौतिक व्यवस्थापनको अवस्था पहिचान गरी यसको सुधारमा सरोकारवालालाई सहयोग गर्नु ।

ग) जि.वि.स., जि.शि.का. र नगरपालिका को भूमिका पहिचान गरी थप सक्रिय बनाउन मद्दत पुऱ्याउनु ।

घ) स.का., प्र.अ. केन्द्र व्यवस्थापन समिति/ वि.व्य.स. अभिभावक तथा अन्य सरोकारवालाको भूमिका पहिचान गरी थप सक्रिय बनाउन सहयोग गर्नु ।

बालविकास केन्द्रको व्यवस्थपन शीर्षक चयन गरी अध्ययन अनुसन्धान गरिएको यस अध्ययनबाट नेपाल सरकारले राष्ट्रिय शिक्षानीति अनुसार सञ्चालनमा आएका समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रसँग सरोकार राख्ने व्यक्ति निकाय तथा कार्यालयको भूमिकामा थप सुधार आउने तथ्यलाई अध्ययनको औचित्यको रुपमा लिइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) बालविकास केन्द्रको व्यवस्थापनको स्थिति पहिचान गर्नु ।

ख) बालविकास केन्द्रको व्यवस्थापनमा सरोकारवालाको भूमिका लेखाजोखा गर्नु ।

ग) बालविकास केन्द्रको व्यवस्थापनमा देखिएका समस्याहरूको पहिचान गर्नु ।

घ) बालविकास केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरू

यस अध्ययनका निर्धारित उद्देश्यहरू पुरा गर्न निम्न अनुसारका अनुसन्धनात्मक प्रश्नहरू रहेका छन् ।

क) बालविकास केन्द्रको स्वीकृति र सञ्चालनको अवस्था कस्तो छ ?

ख) स.का. को नियुक्ति प्रक्रिया र सेवा सुविधाको अवस्था कस्तो छ ?

ग) बालविकास केन्द्र व्यवस्थापन समितिको गठन र बैठक के कसरी हुने गरेको छ ?

घ) बालविकास केन्द्रको शैक्षिक एवम् भौतिक व्यवस्थापनको अवस्था कस्तो छ ?

ङ) बालविकास केन्द्रनमा बालबालिकाको भर्ना र खाजा व्यवस्थाको स्थिति कस्तो छ ?

च) स्वास्थ्य संस्थासँगको समन्वय कस्तो छ ?

छ) अभिभावक शिक्षा अभिमुखीकरण, सचेतना तथा प्रचारप्रसारको अवस्थाकस्तो छ ?

ज) तालिमको किसिम र सञ्चालनको अवस्था कस्तो छ ?

झ) बालविकास केन्द्र सम्बन्धी तथ्यांक र अभिलेख के कसरी राख्ने गरिएको छ ?

ञ) नियमित निरीक्षण र अनुगमनको अवस्था कस्तो छ ?

ट) समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रहरूका सरोकारवालाको भूमिकामा के कस्तो भिन्नता रहेको छ ?

ठ) बालविकास केन्द्रमा देखिएका समस्याहरू के के छन ?

ड) सरोकारवालाको भूमिकालाई थप प्रभावकारी बनाउने उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्यनको क्षेत्रलाई हेर्दा नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागदेखि क्षे.शि.नि. र जिल्ला स्तरका विभिन्न निकाय हुदै बालविकास केन्द्रका प्र.अ/स.का. केन्द्र व्यवस्थापन समिति र अभिभावकहरू समेत पर्ने हुँदा सीमित स्रोत र साधानका कारण यस्तो व्यापक क्षेत्रको अध्ययनलाई यथार्थ, बस्तुनिष्ट र बैज्ञानिक बनाउनका लागि निम्नलिखित सीमाभित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ :

क) यो अध्ययन जिल्ला शिक्षा कार्यालय कपिलवस्तु स्रोतकेन्द्र तीन तौलिहवाअन्तर्गत कपिलवस्तु नगरपालिका भित्र सञ्चालित ३० वटा बालविकास केन्द्र मध्ये विद्यालयमा आधारित २ र समुदायमा आधारित २ गरी ४ वटा बालविकास केन्द्रमा सीमित रहेको छ ।

ख) यस अध्ययनमा विद्यालयमा आधारित र समुदायमा आधारित २/२ वटा बालविकास केन्द्रका,शैक्षिक सत्र २०६६, २०६७ र २०६८ को आषाढ मसान्त सम्मको समय सीमामा आधारित रही अध्ययन गरिएको छ ।

ग) यस अध्ययनमा विद्यालयमा आधीरत र समुदायमा आधारित बालविकास केन्द्रका शैक्षिक र भौतिक अवस्था, स.का./प्र.अ. को भूमिका, अभिभावको भूमिकमा, केन्द्र व्यवस्थापन समितिको भूमिकामा, नगरपालिका, जि.शि.का (फोकलपर्सन) र जि.वि.स. को भूमिकामा सीमित रहेर स्थलगत अवलोकन, प्रश्नावलीका अधारमा प्राप्त तथ्याङ्कका आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि सोधकर्ताले आफूले रोजेको विषयमा त्यस भन्दा पहिला गरिएका अनुसन्धानहरू लेखहरू, रचनाहरू, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन तथा सरकारी तथ्याङ्क तथा बुलेटिनहरूको अध्ययन गर्नुलाई पूर्व सहित्यको पुनरावलोकन भनिन्छ । बालविकासको क्षेत्रमा प्रत्यक्ष रूपमा संलग्न रहि काम गर्ने संघसंस्था, बाल मनोबैज्ञानिक, शिक्षाविद र योजनाकारहरूले समय समयमा विभिन्न माध्यमबाट आफ्ना धारणा तथा अध्ययन अनुसन्धान सम्बन्धी प्रतिवेदनहरू प्रकाशनमा ल्याउने गरेको पाइन्छ । बालविकास सम्बन्धी विभिन्न साहित्यहरूले बालबालिकाहरूको आवश्यकता र उनिहरूसँग भएको सिर्जनात्मक प्रतिभाको प्रष्फूटनका लागि उपयुक्त शैक्षिक एवम् भौतिक वातावरणको प्रभावकारी व्यवस्थापनमा जोड दिएका छन् । यस्तो व्यवस्थापनका लागि बालविकास केन्द्रमा सरोकारवालाको भूमिका सम्बन्धमा प्रकाशित साहित्यको अध्ययनबाट अध्ययनकार्यलाई मार्ग दर्शन प्राप्त हुने हुँदा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, लेखरचना, बुद्धिजिवीहरूका भनाइलाई साहित्यको पुनारावलोकनको रूपमा अध्ययन गर्नुका साथै साहित्यको सैद्धान्तिक खाका तथा शैक्षिक उपादेयतालाई समावेश गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित लेखरचना, पत्रपत्रिका, वुद्धिजिवीका भनाइहरूलाई साहित्यको पुनरावलोकनको आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

कानुन किताब व्यवस्था समिति (२०५९) मा ४-५ वर्ष उमेर समूहका बालबालिकालाई शिक्षा दिने कक्षा वा विद्यालय लाई बालविकास केन्द्र भनिन्छ । यस्तै गरेर शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड ङ ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकूद मन्त्रालयले “प्रारम्भिक बालविकास निर्देशिका २०६१ जारी गरेको पाइन्छ । उक्त निर्देशिका ले बालविकास केन्द्र” का सम्बन्धमा स्पष्ट पार्दै भनेको छ, शिक्षा नियमाली २०५९ को नियम ६७ अनुसारको शिशु विकास केन्द्रलाई सम्झनु पर्छ । यो शब्दले बालविकास कार्य गर्ने ४ वर्ष मुनिका बालबालिकाहरूको लागि मात्र सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका

बालबालिका को  साथै ४ देखी ५ वर्ष उमेर समूहका बालबालिका समेतलाई सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सहितको समुदायमा आधारित भई सञ्चालित संस्थाको एकिकृत संरचनालाई समेतसम्झनु पर्छ । नेपालको अन्तरिम सम्बन्धित (२०६३) भाग ३ धारा २२ को उपधारा (२) मा बालबालिकाको हक सम्बन्धी उल्लेख गर्दै भनिएको छ । प्रत्येक बालबालिकालाई पालन पोषण आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने हक हुनेछ भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

शिक्षा विभाग, (२०६१) ले उल्लेख गरे अनुसार प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्नानुसार उल्लेख गरेको पाइयो :-

क) केन्द्रको लागि भवन, खेलमैदान, धारा, पानी, चर्पी जस्ता भौतिक पक्षको व्यवस्थापन गर्ने ।

ख) केन्द्रको रेखदेख, निरीक्षण र सञ्चालनमा सहयोग पुऱ्याउने ।

ग) अभिभावकको नियमित बैठक राखि केन्द्रको विकासका लागि विभिन्न पक्षमा छलफल गर्ने ।

घ) केन्द्रका लागि आर्थिक स्रोत जुटाउने ।

ङ) स्थानीय निकाय र संघ संस्थासँग समन्वय गर्ने ।

च) कम्तिमा पनि दुई महिनाको एक पटक मासिक बैठक बसि सोको प्रतिवेदन समबन्धित गाउँविकास समिति, नगरपालिका र जिल्ला बालविकास समितिको कर्यालयमा पठाउने ।

छ) सहयोगी कार्यकर्ताको छनोट तथा नियुक्ति गर्ने ।

ज) जिल्ला शिक्षाकार्यालय तथा जिल्ला बालविकास समितिबाट प्राप्त निर्देशनको पालना गर्ने गराउने ।

पौडेल, (२०६०) ले उल्लेख गरे अनुसार सामान्यतया मानवीय संसाधनलाई कुशलतापूर्वक कार्यसम्पादन गराउनुलाई व्यवस्थापनको संज्ञा दिइन्छ । कुनै पनि संस्थामा सही रुपमा चाँजो पाँजो नमिलाए सम्म त्यस संस्थाको उद्देश्य प्राप्त हुन सक्दैछ । त्यसैले व्यवस्थापनलाई संस्थाको सफलाताको कडी मानिन्छ । संगठनका लागि आवश्यक मानव शक्तिको विकास, परिचालन, छनोट र कार्यान्वयनसँग जोडिएका यावत क्रियाकलापलाई नै व्यवस्थापन हो भनी उल्लेख गरिएको छ ।

शिक्षा विभाग, (२०६२) का अनुसार प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भ देखि ८ वर्ष सम्मको अवधिलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सके मात्र उनीहरूको चौतर्फी विकासमा सहयोग पुग्दछ । जसबाट देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ । हाम्रो परिवेश मा ३ देखि ४वर्षका बालबालिकाहरूलाई मात्र प्रारम्भिक बालविकास कार्यक्रम व्यवस्था भएकाले यी बालबालिकाको लागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षाको प्रावधान अनुरूपयस तहका लागि पाठ्यक्रम पुस्तिका तयार गरिएको छ । यस निर्देशिकाले पूर्वप्राथमिक कक्षाका बालबालिकाको अन्तरनिहित प्रतिभाको विकास गरी उनीहरूलाई आत्म विश्वासी आफूलाई सुरक्षित, अनुभव गर्ने, स्वाभीमानी, सहयोगी तथा स्वावलम्बी बनाउन आवश्यक वातावरणको व्यवस्था गर्न सहयोगी शिक्षकलाई मद्दत पुऱ्याउने तथ्य उल्लेख गरिएको छ । अभिभावको संलग्नताका सम्बन्धमा  अभिभावकहरूलाई बालबालिकाको प्रगति सम्बन्धमा जानकारी दिएर केन्द्रका विभिन्न क्रियाकलापहरूमा संलग्न गराउनाले आफ्नै कार्यक्रमको रूपमा बालविकास कार्यक्रम प्रति उनिहरूको अभिरुची बढ्न गई कार्यदिगो राख्न सहयोग पुग्दछ । अभिभावको चाहना इच्छा र बालविकास केन्द्रले गर्ने क्रियाकलाप विच तालमेल मिलाउन आपसमा खुला छलफल भएमा एकअर्का विच विश्वास बढ्न गई बालविकासका कार्यक्रमहरूमा उनीहरूलाई संलग्न गराउन सकिने कुरा उल्लेख गरेको पाइन्छ ।

जि.वि.स. कार्यालय (२०६७) का अनुसार बालबालिका देश निर्माण र अग्रगामी परिवर्तनका पूर्वाधार हुन । विभिन्न परिस्थितिमा गुज्री रहेका बालबालिकाहरूको भविष्य सुनिश्चित गर्दै विपन्न तथा उपेच्छित  बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकूद, मनोरञ्जन, ज्ञान, सीप जस्ता आधारभूत आवश्यकता उपलब्ध गराउन निजका अभिभावकहरू स्थानिय संघसंस्था र स्थानीय सरकार मुख्य जिम्मेवार हुनु पर्छ । यससँग सम्बन्धित राज्यको मुख्य जिम्मेवार अङ्ग मानिने महिला बालविकास तथा समाज कल्याण मन्त्रालय र जिल्ला स्तरमा महिला विकास कार्यालय तथा स्थानिय सरकार जि.वि.स., न.पा., गा.वि.स. महिला तथा बालबालिका सम्बन्धी निर्देशिका तथा ठोस निति हुन जरुरी छ भन्ने कुरा औल्याइएको छ ।

श्रेष्ठ, (२०६१) का अनुसार दशौ योजनामा शिक्षा तथा खेलकूदको व्यवस्थाअन्तर्गत प्राथमिक शिक्षा कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्य ४० प्रतिशत बालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षाका सहभागीबाट आउने व्यवस्था मिलाउन बालविकास केन्द्र को संख्या १३,००० पु¥याउने, सबै प्राथमिक विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई अभिमुखीकरण तालिम दिने,२ लाख ६६ हजार अभिभावकलाई अभिभावक शिक्षा दिने, र सन २०१५सम्ममा सबैका लागि शिक्षा भन्ने सरकारको घोषित नितिलाई अन्तराष्ट्रिय रूपमा कार्यान्वयन गर्दै लैजाने र तदनुरूप संस्थागत व्यवस्थापकिय एवं भौतिक आधारहरूमा सुधार गर्ने स्थानिय निकायहरूको सहभागीतामा बालविकास केन्द्रहरू स्थापना गर्ने र सामुदायिक विद्यालय मा स्थानिय स्रोतबाट एक वर्षे पूर्व प्राथमिक कक्षा संचालन  गर्न प्रोत्साहन गर्ने भनि उल्लेख गरिएको पाइन्छ ।

सिंह, (२०६३) का अनुसार बालबालिकाहरूको २ देखि ६ वर्ष सम्मको अवस्थालाई पूर्व बाल्यावस्था भनिन्छ । यस अवस्थामा बच्चाको व्यवहार, भावना, रुची तथा क्षमताहरूको ढाँचामा मुख्य परिवर्तनहरू देखा पर्दछन् । यसको कारण के हो भने बच्चाहरू घरेलु वातावरण छाडरे विद्यालयको नया वातावरणमा प्रबेश गर्दा आउने परिवर्तन हो । यो अवस्था विद्यालय जाने उमेर पुग्ने अवस्था भएकाले यसलाई पूर्व विद्यालयको अवस्था पनि भनिन्छ । यस प्रकारले यो उमेर बालबालिकाहरू समूहमा खेल्न बढी मन पराउने उमेर हो । यस अवस्थामा अरुको नक्कल जस्ताकै तस्तै गर्ने पनि भनिन्छ । सामाजिक समायोजनका लागि धेरै कुराहरू बच्चाहरूले यस अवस्थामा सिक्ने भएकाले यो अवस्था ज्यादै महत्वपूर्ण मानिएको छ ।

कोफ्सा (२०६६) मा उल्लेख गरिए अनुसार विद्यालय सुधार कार्यक्रमको जिल्ला स्तरमा भएको कार्यशालामा व्यक्त गरीएको कुराहरूलाई उदृत गर्दै प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धमा भानिएको छ ‘विद्यालय क्षेत्र सुधार कार्यक्रमले बालशिक्षा तथा विकासका मुख्य नतिजाको रूपमा प्रस्तुत प्रस्तावनाहरूसँग वर्तमान जिल्लागत यथार्थले मेल खादैन । सन २०१५ सम्ममा ५५ हजार बालशिक्षा तथा विकास केन्द्र खोल्ने उद्देश्य आफैमा राम्रो र बढी

संख्यामा बालबालिका लाई अवसर दिने लक्ष्यमा केन्द्रित छ तर उचित अनुगमनको अभावमा विद्यमान कतिपय बालशिक्षा तथा विकास केन्द्रको अवस्था राज्यको समग्रं लगानी बालुवामा पानी को स्थितिमा देखिन्छ ।

कोफ्सा (२०६६)मा उल्लेख गरे अनुसार रूपन्देही जिल्लाका कुल ६३१ बालविकास केन्द्रहरू मध्य आधा भन्दा बढी कागजमा मात्र सीमित छन । अस्तित्वमा रहेका केन्द्रहरू पनि बालबालिकालाई आरामले वस्न खेल्न र सुत्न नमिल्ने साधुरा कोठा चिसो र ओसिलो भुईमा कक्षा सञ्चालन हुने गरेको छ । विद्यालयमा आधारीत केन्द्रहरूले प्राय कक्षा एक कोठा अथवा पुस्तकालय कोठा प्रयोग गर्ने गरेका छन । समुदायमा आधारित केन्द्रहरूत रुखको छहारीमा खुला चौरमा या झ्यालढोका नै नभएको गोठ जस्ता घरका संचालन भएको पनि भेटिन्छ । एक बर्ष अघि सन २००८/०९ मै नमुना जिल्लाका रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु भएको रसुवा र कपिलवस्तु जिल्लाको अवस्था पनि रूपन्देही भन्दा फरक छैन । जिल्ला शिक्षा कार्यालय रसुवाका शाखा अधिकृत देवी प्रसाद सुवेदीको भनाई छ । बालविकास केन्द्रको स्थापना सञ्चालन दिगोपन गुणस्तर र अनुगमनमा स्थानिय निकाय र शिक्षा कार्यालय कस्को जिम्मेवारीहो भन्ने कुरा अलमलमा परेको भनि उल्लेख गरिएको छ ।

कोफ्सा (२०६६)मा उल्लेख गरे अनुसार बालविकास कार्यक्रम किन प्रभावकारी भएन भन्ने प्रश्नको उत्तरमा बालविकास केन्द्रको कोटा पाउनुलाई शिक्षक दरवन्दी पाए सरह ठान्नु, स.का.लाई उपल्ला कक्षाहरूमा पढाउन लागउनु फरफरक शिक्षकले पढाउँदा बालविकास कक्षा बाल मैत्री अवधारणा बाट बिमुख हुनु, स.का.को तलब भत्ता ज्यादै न्यून भएको कारण अन्य विकल्प पाउना साथ केन्द्र छोडने हुँदा तालिम अप्राप्त व्यक्तिले कक्षा सञ्चालन गर्नुपर्दा प्रभावकारी नहुने । बालविकास केन्द्र छ तर विद्यालय छैन सर्वदलिय सहमती बाट गा.वि.स. र न.पा.बाट बालविकासका कोटा माग्ने जि.शि.का.ले उक्त मागलाई अनुमतीमा परिणत गरी निकासा दिने निकायमा सीमित रहेको छ । बालविकास केन्द्र बेरोजगार लाई रोजागरी भत्ता दिने ठाँउ बन्न पुगेको छ । नीतिगत र कार्यान्वयनमा धेरै कमी कमजोरी रहेका छन् भन्ने जस्ता कुराहरूको उल्लेख गरिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि सो अध्ययन अनुसन्धानसँग सम्बन्धित सिद्धान्तहरूलाई आधार बनाउनु पर्ने हुन्छ । यसैगरी बालविकास केन्द्रको व्यवस्थापन नामक शीर्षक चयन गरी गरिएको यो अध्ययन अनुसन्धान प्रसिद्ध शिक्षाविद् फ्रेडरिक अगस्त फ्रोवेलको किण्डर गार्टेन प्रणाली र शिक्षण विधि सम्बन्धी सिद्धान्तसँग मिल्दो जुल्दो देखिएकोले सो सिद्धान्तलाई नै अध्ययनको आधार बनाइएको छ ।

किण्डर गार्टेन प्रणालीका प्रवर्तक फ्रोवेलको जन्म २१ अप्रिल १७८२ मा दक्षिण जर्मनीको ओवर वेसाच भन्ने गाउँमा भएको पाइन्छ । अभाव र कष्टप्रद बाल्य जीवन विताएका फ्रोवेलले आफ्नो जीवनमा थुप्रै असफलताहरू भोग्नु परेको देखिन्छ । ग्रुनरको विद्यालयमा अध्यापन गर्दा शिक्षा मनोविज्ञान र शिक्षणका सिद्धान्तको ज्ञान नभएका कारण असफल बन्न पुगेपछि पेस्तालोजीको विद्यालयमा उक्त विषयहरू अध्ययन गरेको पाइन्छ । तत्पश्चात जीविकोपार्जनका लागि लामो समयसम्म ट्यिुसन पेसामा संलग्न फ्रोवेलले जीवनभरका अनुभवलाई संगालेर सन् १८०२ मा Pedagogy of Kinder Garten, १८२६ मा Education for Man र १८५३ मा Mother Play and Nursery Songs भन्ने पुस्तकहरू प्रकाशित गरे जसले उनलाई प्रसिद्धिको सिखरमा पुऱ्यायो । सन् १८३७ मा जर्मनीको विकट गाउँमा किण्डर गार्टेन विद्यालयकोस्थापना गरे पश्चात किण्डर गार्टेन प्रणाली र शिक्षण विधिको व्यापाक प्रचार प्रसार हुन गयो जसको फलस्वरूपम अमेरिकामा समेत यो पद्धतिलाई मान्यता दिइयो र लागु गरियो तत् पश्चात विश्वभरी नै लाकप्रियता बढ्दै गयो र आजपनि त्यत्तिकै सान्दर्भिक छ ।

फ्रोबेलले प्रतिपादन गरेका सिद्धान्तहरूलाई साराशंको रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### क) स्वतन्त्रताको सिद्धान्त

प्रकृतिका वरदानका रूपमा रहेका बालबालिकालाई हस्तक्षेप नगरी स्वतन्त्रपूर्वक सिक्ने मौका दिइनु पर्दछ ।

**ख) विद्यार्थी केन्द्रित शिक्षणको सिद्धान्त**

शिक्षण विद्यार्थीको रुचि, इच्छा, चाहना र आवश्यकता अनुसार क्रियाकलापमा आधारित हुनु पर्दछ ।

**ग) गरेर सिक्ने सिद्धान्त**

बालबालिकाहरूलाई आफ्नै अनुभव र क्रियाकलापबाट सिक्ने मौका दिनु पर्दछ जसबाट व्यवहारिक ज्ञान र आत्म सन्तुष्टि प्राप्त हुन्छ ।

**घ) व्यक्तित्व विकासको सिद्धान्त**

किताबि ज्ञानले मानिसलाई निष्कृय बनाउँछ अतः क्रियात्मक पक्षको प्रयोग गरी आत्म ज्ञान र आत्म विकासमा सहयोग पऱ्याइ व्यक्तित्व विकासमा टेवा पुऱ्याउनु पर्दछ ।

**ङ) खेल विधिको सिद्धान्त**

विशेषगरी ३ देखि ७ वर्षका बालबालिकाहरूलाई मनोरञ्जनात्मक वातावरणमा खेलको माध्यमबाट विषयवस्तु सिकाउनु पर्दछ ।

**च) सामूहिक खेल विधिको सिद्धान्त**

बालबालिकाहरूलाई सामूहिक खेल विधिको माध्यमबाट शिक्षण गर्नु पर्दछ । जसबाट उनीहरूमा सामाजिक गुणको विकास हुन सक्दछ ।

**छ) शैक्षिक सामग्रीको प्रयोग**

शैक्षिक सामग्री विनाको शिक्षण प्रभावकारी हुँदैन त्यसैले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य हुन्छ ।

फ्रवेलको किण्डर गार्टेन प्रणालीमा बालबालिका वगैंचाका विरुवा हुन भने शिक्षक मालीका रूपमा उल्लेख गरिएको छ । यतिमात्र नभइ किण्डर गार्टेन एउटा सानो राज्य हो । जसमा स्वतन्त्रता, खेल र मनोरञ्जनको वातावरण प्राप्त हुन्छ भनी व्याख्या गरिएको पाइन्छ ।

यसरी फ्रोवेलले बालबालिकाको अध्ययन गर्ने ठाउँलाई किण्डर गार्टेन भन्ने नामाकरण गरेका छन् । जसलाई बालविकास केन्द्र भनेर बुझ्दा फरक पर्दैन । यस्तो केन्द्रमा विभिन्न खालका सुविधाहरू उपलब्ध गराई स्वतन्त्र, मनोरञ्जनात्मक र खेलको माध्यमबाट शिक्षण सिकाइ गराउनु पर्ने कुरामा उनले जोड दिएका छन् । उनको यो सिद्धान्त आज पनि त्यत्तिकै लोकप्रिय, सान्दर्भिक र उपयोगी मानिन्छ । यसमा विशेषतः किण्डर गार्टेन प्रणालीलाई प्रभावकारी बनाउन शिक्षक अभिभावक र अन्य सरोकारवालाको भूमिका महत्वपूर्ण हुने हुँदा बालविकास केन्द्रको व्यवस्थपन नामक शीर्षकमा गरिएको अध्ययन अनुसन्धानको सैद्धान्तिक खाकाको रूपमा यस सिद्धान्तलाई लिइएको छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकनबाट हालसम्म बालविकास केन्द्रको व्यवस्थापनका क्षेत्रमा भए गरेका प्रयासहरुको महत्वपूर्ण जानकारी हासिल गर्न सहयोग पुऱ्यायो । साहित्यको पुनरावलोकनले बालविकास केन्द्र भनेको केहो ? यसको सञ्चालनको व्यवस्था कस्तो छ ? यसमा संलग्न सरोकारवाला व्यक्ति, समिति, संस्था, निकाय के के छन् ? उनीहरुको भूमिका को हो ? जस्ता विषयमा महत्वपूर्ण जानकारी हासिल भयो ।

यस्तैगरेर बालबालिकाको २ देखि ६ वर्षको उमेर वृद्धि र  विकासका दृष्टिकोणले महत्पूर्ण रहेको, यस अवस्थामा नै सबै पक्षको विकासको आधार स्तम्भ निर्माण हुने हुँदा यस अवस्थालाई विशेष ध्यान दिएर समुचित विकासमा सहयोग पुऱ्याउनु पर्ने विश्वव्यापी मान्यता रहेको अवगत भएको छ ।

साहित्यको पुनारावलोकनबाट बालविकास केन्द्र व्यवस्थापनसँग सम्बन्धित विभिन्न पक्षसँग आवश्यक सूचना तथा तथ्यांक संकलनका लागि आवश्यक साधनहरुको निर्माण गर्न, सिद्धान्त चयन गर्न र अध्ययनलाई सैद्धान्तिक विचलन हुनबाट रोक्नमा प्रसस्त सहयोग पऱ्याएको तथ्यलाई सम्बन्धित साहित्यको पुनारावलोकनको शैक्षिक उपादेयताको रुपमा लिइएको छ ।

# परिच्छेद तिन
# अध्ययन विधि

अध्ययन र अनुसन्धानका निर्दिष्ट उद्देश्यहरु पूरा गर्नका लागि अनुसन्धानको ढाँचा, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या र विश्लेषणलाई यस परिच्छेदमा निम्न शीर्षकहरुमा प्रस्तुत  गरिएको छ :

## ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि अध्ययन अनुसन्धानको निश्चित दायरा वा ढाँचा भित्र रहेर अध्ययन अनुसन्धान गर्नु आवश्यक रहन्छ । अनुसन्धानको ढाँचा भन्नाले सो अध्ययन अनुसन्धानको प्रकृति के कस्तो रहने, संकलित तथ्यांकहरुलाई के कसरी व्याख्या एवम् विश्लेषण गर्ने भनेर पूर्व निर्धारण गरिएको नियमबद्ध जानकारी हो । त्यसैगरी यो अनुसन्धान मुलतः गुणात्मक  तथा संख्यात्मक गरी मिश्रीत प्रणालीको भएको हुँदा अध्ययन  अनुसन्धानका क्रममा, विद्यालयलय अवलोकन, अन्तरवार्ता र रुजु सूचीका आधारमा सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट प्रकिया

जिल्ला शिक्षा कार्यालय कपिलवस्तु अर्न्तगत पर्ने तौलिहवा स्रोत केन्द्रको नगर पालिका भित्र संचालित ३० वटा बालविकास केन्द्र मध्ये विद्यालयमा आधारित २ र समुदायमा आधरित २ बालविकास केन्द्रका बालबालिकाका अभिभावक, स.का.प्र.अ. केन्द्र व्यवस्थापन समितिका अध्यक्ष वि.नि. स्थानिय विकास अधिकारी, नगर प्रमुख र सेतो गुँरास बालविकास केन्द्रका प्रमुख यस अनुसन्धानका सम्बन्धित जनसङ्ख्या हुनेछन् । समयको कमी, आर्थिक अभावका कारणले गर्दा अध्ययनको ठूलो क्षेत्र ओगटन सम्भव नभएकाले सीमित स्रोत र साधनलाई मध्यनजर राख्दै निम्न बमोजिम उत्तरदाताहरू अध्ययनको नमुनाको रूपमा प्रयोग गरिएको

छ । साथै बालविकास केन्द्रसँग सरोकार र चासो राख्ने व्यक्तिहरू संग समेत भेटधाटगरी राय अनुभाव र प्रतिक्रिया सङ्कलन गरिएको छ ।

यस अनुसन्धानको क्रममा छनोटमा परेका विद्यालयका प्र.अ.२ जना सहयोगी कार्यकता ४ जना वि.व्य.स. अध्यक्ष ४ जना, अभिभावक ८ जना, स्थनिय विकास अधिकारी एक जना, नगर प्रमुख एक जना, सेतो गुराँस बालविकास केन्द्रको प्रमुख एक जना गरी जम्मा २२ जनालाई अध्ययनको नमूनाको रूपमा छनोट गरिएको छ ।

### ३.३ अध्ययनका साधनको निर्माण

अध्ययन कार्यलाई पुर्ण रूपदिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरूको विश्वसनियता र वधैता स्थापित गर्ने प्रयास गरिएको छ।

**क) अर्न्तवार्ता प्रश्नावली :**

यसअर्न्तगत छनोटमा परेका वालविकास केन्द्रका ८ जना अभिभावक ४ जना प्र.अ. वि.नि.१ जना,नगर प्रमुख १ स्थानिय विकास अधिकारी १ र सेतो गुराँस बालविकास केन्द्रका प्रमुख १ गरी २२ जना संग आफैले प्रत्यक्ष भेटगरी अर्न्तवार्ता प्रश्नावालीको प्रयोगगरी उनीहरुका काम कर्तव्य र अधिकार कासथै काम गर्दाको अनुभव, समस्या र सुझाव समेतमा आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ।

**ख) अवलोकन फारमः**

यसअर्न्तगत छनोटमा परेका बालविकास केन्द्रको कक्षा कोठा व्यवस्थापन को अवस्था, केन्द्रं व्यवस्थापन समितिको गठन, नियमित वैठक, शैक्षिक र भौतिक सुविधाहरूको अवस्था जस्ता विषयहरूलाई उत्तम, मध्यम सामान्य र कमजोर गरी ४ वर्गमा विभाजन गरी विवरण सङ्कलन गरिएको छ । यस विवरणबाट बालविकास केन्द्रको बास्तविक अवस्था र सरोकारवालाको भूमिका समेत स्पष्ट हुन सक्ने विश्वास गरी अवलोकन फारमको प्रयोग गरी सूचना सङ्कलन गरिएको छ।

### ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी सङ्कलन गर्नका लागि प्राथमिक र द्धितीय स्रोतको परिचालन गरिएको छ ।

**क) प्राथमिक स्रोत :**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत अवलोकन फारम तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची २ देखि ८ सम्मका अन्तवार्ता प्रश्नावालीहरूका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख) द्वितिय स्रोत :**

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धित विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, लेख रचनाहरू बुलेटिनहरू, प्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालय/बालविकास केन्द्र को स.का. अभिभावका वि.व्य.स. का अध्यक्ष/प्र.अ. स्थानिय विकास अधिकारी, नगर प्रमुख, वि.नि र सेर्ता गुराँस बालविकास केन्द्रका प्रमुखसँग प्रत्यक्ष भेट घाट गरी अनुसूची दुई देखि आठ सम्मका अर्न्तवार्ता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । यस्तो प्रश्नावली सहयोगी कार्यकर्ताको लागि बन्द र खुल्ला प्रश्नावली प्रयोग गरिएको थियो भने अन्य उत्तरदाताको लागि खुल्ला अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख इ-मेल इन्टरनेटबाट सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरी अव्यवहारिक, अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाइएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विशलेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराउने प्रयास गरिएको छ । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

बालविकास केन्द्रको व्यवस्थापन नामक यस सोध अध्ययन कपिलवस्तु जिल्लाको स्रोतकेन्द्र तौलिहवाअन्तर्गत पर्ने कपिलवस्तु नगरपालिकामा रहेका बालविकास केन्द्रहरू ( ३०) मध्य विद्यालयमा आधारित २ वटा र समुदायमा आधारित २ वटा बालविकास केन्द्रका मुख्य सरोकारवालासँग प्रत्यक्ष भेट गरी अन्तर्वार्ता प्रश्नावली तथा अवलोकन रुजुसूचीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूलाई तोकिएको उद्देश्य बमोजिम निम्नानुसार शीर्षकमा रहेर व्याख्या एवम् विश्लेषण गरिएको छ :

## ४.१ बालविकास केन्दको व्यवस्थापनको स्थिति

नेपालमा वि.सं. २००६ सालमा मन्टेश्वरी स्कुलको स्थापना सँगै प्रारम्भिक बालविकास शिक्षा तथा विकासको प्रारम्भ भएको पाइन्छ । त्यसपछि शैक्षिक विकासका विभिन्न चरणहरूमा यसलाई महत्व दिँदै सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना ( सन् २००१-२०१५) मा आइपुग्दा यस कार्यक्रमले प्राथमीकरण पाएको छ । चालु विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालविकास शिक्षा तथा विकास कार्यक्रमलाई उच्च रुपमा प्राथमिकता प्रदान गरिएको छ । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । यस्ता केन्द्र सामुदायिक तथा संस्थागत विद्यालयका साथै समुदायमा आधारित भई सञ्चालित छन् । प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाहलाई गुणस्तरीय बनाउन सबै सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

बालविकास केन्द्र व्यवस्थापनको स्थितिलाई निम्न शीर्षकमा रहेर व्याख्या एवम् विश्लेषण गरिएको छ :

### ४.१.१  बालविकास केन्द्रको स्वीकृति र सञ्चालन

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका (२०६१) अनुसार तीन र चार वर्ष उमेर समूहका बालबालिकाहरुका लागि शिशु विकास र चार देखि पाँच वर्ष उमेर

समूहका बालबालिकाहरुका लागि पूर्व प्राथमिक कक्षा सहितको बालविकास केन्द्र विद्यालय अथवा कक्षा सञ्चालन गर्न चाहने जोसुकैले पनि सम्बन्धित गा.वि.स/न.पा. मा अनुसूची एक बमोजिमको ढाँचामा निवेदन पेशगरी सम्बन्धित स्थानीय निकायको अनुमति लिएर केन्द्र सञ्चालन गर्न पाउने कानुनी व्यवस्था रहेको पाइन्छ । त्यसका आधारमा न.पा.ले नक्साङ्कन तयार पार्नु पर्ने सो नक्साङ्कन भित्र परेका शिक्षा नियमावली २०४९ को नियम ६८ मा व्यवस्था भए अनुसारको पूर्वाधार पूरा गरेका संघसंस्था एवम् समुदायलाई शैक्षिकसत्र शुरु हुनुभन्दा चार महिना पहिला अनुसूची एक बमोजिमको निवेदन लिई बालविकास केन्द्र सञ्चालनका लागि अनुसूची दुई बमोजिमको अनुमती दिई त्यसको जानकारी सम्बन्धित जि.शि.का.मा पठाइ जि.शि.का.ले उपलब्ध कोटाको आधारमा केन्द्र सञ्चालनका लागि अन्य व्यवस्था गर्नु पर्ने भएतापनि कपिलवस्तु न.पा.ले हालसम्म सोसम्बन्धी नक्साङ्कन नगरी आवश्यक पूर्वाधारको अध्ययन नगरी निवेदनका आधारमा केन्द्र सञ्चालनका लागि स्वीकृति दिने गरेको पाइयो । स्वीकृतिका आधारमा जि.शि.का.ले खातासञ्चालन, तालिम र अनुदान निकासा गर्ने गरेको पाइयो ।

यस्तै गरेर कुनै पनि विद्यालयले यस्तो कार्यक्रम सञ्चालन गर्न चाहेमा निर्देशिकाको अनुसूची चार अनुसार निम्न लिखित सर्तहरु पूरा गरेको अवस्थामा कोटा उपलब्ध गराउने प्रावधान रहेको छ । उल्लेखित सर्तहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) फराकिलो, खुल्ला शान्त र सुरक्षित भवन भएको

ख) भवन बाहेक कम्तिमा आधारोपनी अथवा एक कट्ठा गज्जा भएको

ग) बालउद्यान/कृडास्थलको व्यवस्था भएको

घ) सफा र स्वच्छ खानेपानी र सौचालयको व्यवस्था भएको

ङ) कम्तिमा दुई जना शुसारे (सहयोगी) भएको

बालविकास केन्द्रको सञ्चालन प्रक्रियाका सम्बन्धमा सरोकारवालाले निर्वाह गरेको भूमिका अध्ययन गर्नु पनि यस अध्ययनको क्षेत्र भित्र पर्ने हुँदा छनोटमा परेका बालविकास केन्द्रहरु मध्ये विद्यालयमा आधारित केन्द्रमा स.का.को अनुपस्थितिमा अन्य शिक्षकबाट कक्षा सञ्चालन हुने गरेको पाइयो । समुदायमा आधारित बालविकास केन्द्रमा स.का.को अनुपस्थितिमा केन्द्र बन्द नै रहने गरेको पाइयो । शिक्षा नियमावली २०४९ को नियम ६८

ले प्रत्येक बालविकास केन्द्रमा कम्तिमा दुई जना सहयोगी हनुपर्ने प्रावधान राखेको भएतापनि छनोटमा परेका सबै केन्द्रहरुमा स.का. बाहेक अन्य सहयोगीको व्यवस्था नभएको पाइयो । यसरी स.का.को अनुपस्थितिमा विकल्पको व्यवस्था गर्नमा सम्बन्धित व्यवस्थपनको ध्यान नपुगेको पाइयो ।

### ४.१.२ सहयोगी कार्यकर्ताको नियुक्ति प्रक्रिया र पारिश्रमिकको व्यवस्था

सहयोगी कार्यकर्ताको नियुक्ति सम्बन्धमा निर्देशिका (२०६१) ले परिच्छेद सात नियिम तीसमा यसरी उल्लेख गरेको पाइन्छ । सहयोगी कार्यकर्ताको नियुक्ति केन्द्र व्यवस्थापन समितिले कम्तिमा आठ कक्षा उत्तीर्ण गरेको स्थानीय उम्मेदवारलाई देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने प्रावधान छ :

क) नियुक्ति गर्नु अघि कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी इच्छुक सबै उम्मेदवारबाट निवेदन आवह्वान गर्ने ।

ख) निर्देशिकाको तीस/एक बमोजिम सूचना प्रकाशित गर्दा उम्मेदवारका लागि चाहिने शैक्षिक योग्यता, सेवाको सर्त र सुविधा समेत उल्लेख गर्ने ।

ग) कम्तिमा तीन जना व्यक्ति रहेको सहयोगी कार्यकर्ता छनोट समिति गठन गरी सो को सिफारिशमा स.का. नियुक्ति गर्ने ।

घ) स्थानीय महिलालाई प्राथमिकता दिने ।

ङ) कम्तिमा एक वर्ष काम गर्ने कवुलियत गराई नियुक्ति दिने ।

अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.सँगको अन्तरवार्ता प्रशानवलीको आधारमा माथि उल्लेखित प्रक्रिया नअपनाइ व्यवस्थापन समिति अथवा केन्द्र व्यवस्थापन समितिको निर्णयका आधारमा स.का.को नियुक्ति गरिएको र उक्त नियुक्ति समर्थनका लागि जि.शि.का.मा पठाउने गरेको पाइयो । यसरी हेर्दा स.का.को नियुक्ति प्रक्रियामा व्यवस्थपनको भूमिका नियमसंगत नभई राजनैतिक दबाबका कारण गैर कानुनी तवरले नियुक्ति गरेको पाइयो । तर शान्ति बालविकास केन्द्रमा भने प्रतिस्पर्धा गराई छनोट प्रक्रियाद्वारा नै स.का. नियुक्ति गरिएको पाइयो ।

अध्ययन अनुसन्धानको क्रममा स.का. पारिश्रमिकको व्यवस्था महेन्द्र प्रां.वि बालविकास केन्द्रमा विद्यालयले प्रति महिना रु. ५०० थप पारिश्रमिक दिने गरेको पाइयो । अन्य बालविकास केन्द्रमा नेपाल सरकारले उपलब्ध गराउने रु. १८०० मात्र पारिश्रमिक दिने गरेको पाइयो । केन्द्र व्यवस्थापन समितिले साधन र श्रोतको अन्य विकल्प खोजी थप सुविधा दिने तर्फ ध्यान नपुगेको देखियो । न्यून पारिश्रमिकका कारण स.का.हरु अन्य राम्रो विकल्पको खोजीमा रहेको अवस्था पाइयो ।

### ४.१.३ केन्द्र व्यवस्थपन समितिको गठन

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका (२०६१) को परिच्छेद पाँच नियम १९ मा समुदायमा आधारित केन्द्र व्यवस्थापन समिति गठन हुने व्यवस्था गरे बमोजिम सम्बन्धित केन्द्रका प्र.अ.ले अभिभावक भेला बोलाई केन्द्र व्यवस्थापन समिति गठन गर्नुपर्ने भएतापनि अध्ययन अनुसन्धाको क्रममा शान्ति बालविकास केन्द्रमा नियम पूर्वक नै केन्द्र व्यवस्थापन समितिको गठन भएको पाइयो । सेतो गुँरास बालविकास केन्द्रमा अभिभावक भेला नै नगराइ केन्द्र व्यवस्थापन समितिको गठन गरिएको पाइयो । व्यवस्थापन समितिको गठनका लागि अभिभावक भेला बाोलाउँदा अभिभावक नै नजुट्ने गरेकोले भेला नबोलाई प्र.अ.ले नियुक्ति गरेको पाइयो । यसरी हेर्दा २५ प्रतिशत बालविकास केन्द्रमा अभिभावक भेला नबोलाई केन्द्र व्यवस्थापन समितिको गठन गरिएको पाइयो भने अन्य ७५ प्रतिशत केन्द्रमा अभिभावक भेला बोलाई व्यवस्थापन समिति गठन गर्ने गरेको पाइयो ।

यस्तै गरेर विद्यालयमा आधारित बालविकास केन्द्रमा निर्देशिका (२०६१) को परिच्छेद दुईको नियम पाँचको उपनियम ६ अनुसारको पूर्व प्राथमिक कक्षा व्यवस्थापन उपसमितिको गठन गर्न सक्ने कानुनी प्रावधान भएपनि व्यवस्थापन समितिले नै यस्तो काम गर्ने गरेको पाइयो । यसरी हेर्दा प्र.अ.ले अभिभावक भेला बोलाई छुट्टै उपसमिति गठन नगरेको अवस्था पाइयो ।

बालविकास केन्द्रसँग प्रत्यक्ष सरोकार राख्ने बालविकास केन्द्र व्यवस्थापन समितिले प्रत्येक दुई/दुई महिनामा बैठक बसी आवश्यक छलफल गरी न.पा.जि.वि.स. र जि.शि.का.लाई प्रतिवेदन पठाउनु पर्ने प्रावधान भए पनि कुनै पनि केन्द्रमा नियमित बैठक नवस्ने गरेको, आवश्यक पर्दा मात्रै बस्ने र तत्कालका समस्यका बारेमा निर्णय गर्ने गरेको पाइयो भने जिल्ला प्रारम्भिक बालविकास समिति तथा नगर स्तरीय बालविकास समितिको पनि सोही अवस्था रहेको पाइयो ।

### ४.१.४ केन्द्रको भौतिक व्यवस्थापन

तीन देखि पाँच बर्ष सम्मका कलिला बालबालिकाहरुको चौतर्फी विकासको पूर्वाधार बलियो बनाउने उद्देश्यले बालविकास केन्द्रको धारणा विकसित भएको हो । मारिया मन्टेश्वरीको चिल्ड्रेन्स होम्स र फ्रोबेलको किन्डर गार्टेनको सिद्धान्तलाई अनुसरण गर्दै नेपालमा पनि शिशु कक्षा, पूर्वप्राथमिक कक्षा तथा बालविकास केन्द्रको स्थापना गरिँदै आएको पाइन्छ । शिक्षा नियमावली (२०४९) को नियम ६८ अनुसार बालविकास केन्द्रका लागि आवश्यक पूर्वाधार फराकिलो, खुल्ला, शान्त, शुरक्षित भवन भएको, भवन बाहेक कम्तिमा आधा रोपनी अथवा एक कठ्ठा जग्गा भएको, बालउद्यान तथा क्रिडा स्थलको व्यवस्था भएको, सफा, स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको, कम्तिमा दुई जना सहयोगी भएको हुनु पर्ने व्यवसथा गरेको पाइन्छ ।

अध्ययन अनुसन्धाको क्रममा छनोटमा परेका बालविकास केन्द्रहरुको स्थलगत अवलोकन गर्दा सिद्धान्त र व्यवहारमा कत्तिपनि तालमेल नमिलेको पाइयो । विद्यालयमा आधारित बालविकास केन्द्रहरु पनि माथिका पूर्वाधार विना नै सञ्चालन गरिएको पाइयो । कक्षा एक र बालविकास एउटै कक्षामा सञ्चालन गरिएको पाइयो । कक्षा एकदेखि पाँचसम्म र कक्षा एकदेखि दशसम्म सञ्चालन भएका विद्यालयमा बालविकास केन्द्रका लागि भौतिक सुविधा हेर्दा अत्यन्त दयनीय अवस्था देखियो । बालविकासको मर्म र उद्देश्य विपरित नै सञ्चालन भएको पाइयो ।

यस्तै गरेर समुदायमा आधारित बालविकासकेन्द्रको भौतिक व्यवस्थापनको अवस्था झनै भयावह देखियो । छनोटमा परेको शान्ति बालविकास केन्द्र बाँडगंगा सिँचाई आयोजनाको चौकिदार बस्ने कोठामा सञ्चालन भएको पाइयो । समुदायदेखि झण्डै डेढ किलोमिटर टाढा पर्ने यो भवन पूरानो, जिर्ण, कम्पाउण्ड नभएको, झ्याल ढोका केही नभएको, ठूलो नहरको किनारमा भएकाले शुरक्षाको दृष्टिकोणले पनि ज्यादै संवेदनशील रहेको पाइयो । यसमा न त शौचालय छ, न त पानीको व्यवस्था नै, प्रतिकूल मौसममा केन्द्र बन्द गर्नुपर्ने अवस्था रहेको पाइयो । यतिमात्र नभई कक्षाकोठा व्यवस्थापनको अवस्था हेर्दा आफूले ल्याएको बोरामा बस्नु पर्ने, स.का.ले आवश्यक सामाग्री आफ्नै झोलामा राखि ल्याउने लैजाने गर्नु पर्ने अवस्था रहेको पाइयो भने सेतो गुँरास बालविकास केन्द्र स.का.को आफ्नै घरको बरण्डामा सञ्चालन गरिएको पाइयो । नितान्त पारिवारिक हिसाबले चलेको यो केन्द्र घरका सुविधाहरुमा नै आधारित रहेको पाइयो ।

यसरी हेर्दा भौतिक व्यवस्थापनमा सरोकारवालाहरु ज्यादै नै निस्कृय रहेको पाइयो । केन्द्रको न त आफ्नो जग्गा छ । न त भवन र कोठा नै छ न त खेल मैदान, खानेपानी र शौचालयको व्यवस्था छ । यस्तो अवस्थामा सञ्चालित बालविकास केन्द्रहरुमा बालबालिकाको कसरी चौतर्फी विकासमा सहयोग पुग्न सक्दछ ? भन्ने कुरामा व्यवस्थपनले खासै चासो नदेखाएको पाइन्छ । भौतिक व्यवस्थापनको अवस्था हेर्दा समुदायमा आधारित बालविकास केन्द्रमा भन्दा विद्यालयमा आधातिर केन्द्रमा केही मात्रामा व्यवस्थित भएको पाइयो ।

### ४.१.५ केन्द्रको शैक्षिक व्यवस्थापन

बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन सञ्चालनको अर्को महत्वपूर्ण पक्ष शैक्षिक व्यवस्थापन हो । भौतिक व्यवस्थापनले आवश्यक पूर्वाधार र साधन र स्रोतको व्यवस्था गर्दछ भने त्यसको सञ्चालन शैक्षिक व्यवस्थापन पक्षमा पर्दछ । शैक्षिक व्यवस्थापन भित्र स.का. को छनोट, आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामाग्री, बालपुस्तकालय, खेलौना,चित्र, पोष्टर र शिक्षण सिकाई क्रियाकलाप जस्ता विभिन्न पक्षहरु गाँसिएका हुन्छन् । यस्तो महत्वपूर्ण पक्षको व्यवस्थापनमा प्र.अ., स.का. केन्द्र व्यवस्थापन समिति, न.पा.,

जि.वि.स., जि.शि.का तथा साझेदार संघसस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका बालविकास केन्द्रहरुको शैक्षिक व्यवस्थापनमा पनि ज्यादै कमी कमजोरी रहेको पाइयो । तालिम सञ्चालनका बेला प्राप्त भएका सामाग्रीहरु, जि.शि.का बाट प्राप्त भएका सामाग्री र सेतोगुराँस बालविकास केन्द्रबाट नगन्य रुपमा प्राप्त भएका सामाग्री बाहेक अन्य स्रोतबाट सामाग्री उपलब्ध नभएको अवस्था पाइयो । केन्द्रको आफ्नै प्रयासबाट सामाग्रीको व्यवस्था गर्नेतर्फ कुनै प्रयास नगरेको पाइयो । उपलब्ध सामाग्रीहरु पनि बाकसमा बन्दी रहेको पाइयो । उपयुक्त कक्षाकोठाको व्यवस्थापन नहुँदा उपलब्ध सामाग्रीको प्रयोग हुन नसकेको अवस्था पाइयो ।

शैक्षिक व्यवस्थापनको अवस्थाको स्थलगत अवलोकनका आधारमा अनुसूची ११ को अवलोकन फारम अनुसार कक्षाकोठाको व्यवस्थापन ५० प्रतिशतमा मध्यम,२५ मा सामान्य र २५ मा ज्यादै कमजोर रहेको पाइयो । यस्तै गरेर खेलकुद तथा शैक्षिक सामाग्री निर्माण र प्रयोगको अवस्था पनि ५० प्रतिशतमा मध्यम र ५० प्रतिशतमा सामान्य रहेको पाइयो । पाठ्यक्रम निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था पनि २५ प्रतिशतमा मध्यम, ५० प्रतिशतमा सामान्य र २५ प्रतिशतमा ज्यादै कमजोर रहेको पाइयो ।

### ४.१.६ विद्यार्थी भर्ना र खाजा व्यवस्थापन

बालविकास केन्द्रप्रति अभिभावक र समुदायको धारणा कस्तो छ ? बालविकास केन्द्रको प्रचार प्रसार कस्तो छ ? केन्द्रको व्यवस्थापन र सञ्चालनमा अभिभावक र अन्य सरोकारवालाको संलग्नता कस्तो छ ? भन्ने कुरा विद्यार्थी भर्ना विवरणबाट पनि धेरै हदसम्म जानकारी मिल्ने हुँदा छनोटमा परेका केन्द्रहरुको शैक्षिकसत्र २०६६,०६७ र ०६८ को विद्यार्थी विवरण, विद्यालयको अभिलेखबाट प्राप्त भयो । यसोधरा मा.वि. बालविकास केन्द्रमा क्रमशः २८, २४ र ३० जना रहेको पाइयो । महेन्द्र प्रा.वि. बालविकास केन्द्रमा क्रमशः २७,३१ र ३१ रहेकाले केहि मात्रा वृद्धि भएको पाइयो । शान्ति बालविकास केनद्रमा भने क्रमशः २७, २६ र २४ रहेकाले सङ्ख्या घट्दै गएको पाइयो । सेतोगुराँस बालविकास केन्द्रमा क्रमशः २६, २४ र २० रहेकाले केन्द्रप्रतिको चासो र विश्वास घट्दै गएको पाइयो । यस विषयमा सरोकारवालाको प्रतिक्रिया बुझ्दा बालविकास केन्द्र प्रतिको विश्वास कम रहेको पाइयो ।

त्यसै गरी खाजा व्यवस्थापनका सम्बन्धमा महेन्द्र प्रा.वि. बालविकास केन्द्रमा विद्यालयलाई उपलब्ध खाजा कार्यक्रम अन्तर्गत नै बालविकास केन्द्रका बालबालिकालाई पनि खाजा खुवाउने व्यवस्था गरेको पाइयो भने अन्य केन्द्रमा यस्तो व्यवस्था नभएको पाइयो । विद्यालय अथवा बालविकास केन्द्रमा यसका लागि कुनै स्रोत नभएको प्रतिक्रिया पाइयो ।

### ४.१.७ स्वास्थ्य संस्थासँगको सम्बन्ध

वृद्धि र विकासका दृष्टिकोणले पूर्वबाल्यावस्था ज्यादै नै महत्वपूर्ण अवस्था हो । यस अवस्थाका बालबालिकाहरुलाई नियमित खोप र स्वास्थ्य परीक्षणको सुविधा उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा समेत उचित ध्यान पुऱ्याउनु पर्ने हुँदा केन्द्र व्यवस्थापन समितिमा सम्बन्धित वडाको महिला स्वास्थ्य कर्तालाई पदेन सदस्यको रुपमा राखिने व्यवस्था भएको पाइन्छ । स.का.को काम, कर्तव्य र अधिकारमा समेत स्वास्थ्य केन्द्रसँग समन्वय गर्ने जिम्मेवारी दिएको छ । यतिमात्र नभई प्र.अ., न.पा., जि.वि.श र जि.शि.का.को समेत विभिन्न संघसंस्था बीच समन्वय गरी बालविकास केन्द्रलाई आवश्यक सहयोग पुऱ्याउने कुरा उल्लेख गरेको पाइन्छ । तर पनि अध्ययनमा परेका बालविकास केन्द्रहरुमा नियमित खोप र स्वास्थ्य परीक्षणको व्यवस्था नगर्ने गरेको पाइयो भने कतिपय केन्द्रमा विशेष अवस्थामा ( पोलियो, भिटामिन ए कार्यक्रममा ) मात्रै यस्तो गर्ने गरेको पाइयो ।

### ४.१.८ अभिभावक शिक्षा, सचतेना कार्यक्रमको व्यवस्था

प्रत्येक बालविकासमा स्वयम् अभिभावकको प्रमुख जिम्मवारी रहेको हुन्छ । बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास, बाल अधिकार, अभिभावकको अधिकार तथा जिम्मेवारी, बालस्वास्थ्य र हेरचाह, बालबालिको खाना तथा पोषण, बालशिक्षा जस्ता विषयमा हरेक अभिभावकलाई शिक्षा दिनु आवश्यक छ । यस्तो शिक्षा प्रदान गर्ने जिम्मेवारी सरोकारवालामा निहित छ । यस अध्ययको सिलसिलामा कुनै पनि केन्द्रमा कुनै पनि सरोकारवालाले यस्तो शिक्षा दिने गरेको पाइएन । आफ्नो व्यक्तिगत स्वार्थका लागि विद्यार्थी जुटाउने बाहेक बालविकास केन्द्रको प्रचार प्रसार, सरोकारवालालाई सचेतना कार्यक्रम सञ्चालन गरेको पाइएन । यस विषयमा केही मात्रामा भए पनि सेतोगुराँस बालविकास केन्द्रले अभिभावक, वि.व्य.स., प्र.अ. तथा स.का.लाई सचेतना कार्यक्रम सञ्चालन गरेको

पाइयो । यस्तो महत्वपूर्ण विषयमा पनि सम्बन्धित व्यवस्थपन पक्षको ध्यान नपुग्नु दुखलाग्दो अवस्था देखियो ।

### ४.१.९. तालिम र अभिमुखीकरण कार्यक्रमको व्यवस्था

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका (२०६१) को परिच्छेद ४ नियम १३ र १४ मा पूर्व सेवाकालीन, सेवाकालीन, पुनरतार्जगी तालिम र अभिमुखीकरण कार्यक्रम सम्बन्धमा गरेको व्यवस्था अनुसार सबै केन्द्रका स.का.लाई जि.शि.का. बाट पूर्व सेवाकालीन तालिम दिएको पाइयो भने जि.शि.का. र सेतोगुराँस बालविकास केन्द्रले बेला मौकामा केन्द्रसँग सम्बन्धित सरोकारवालालाई पुनरतार्जकी र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको पाइयो ।

### ४.१.१० तथ्याङ्क र अभिलेख व्यवस्थापन

बालविकास केन्द्रसँग प्रत्येक्ष सरोकार राख्ने स.का., प्र.अ., न.पा., जि.वि.स. तथा जि.शि.का. सम्बन्धित संघसंस्थाहरुले आ आफ्नो केन्द्र वा क्षेत्र भित्रका बालविकास केन्द्रहरुको तथ्यांक र अभिलेख अध्यावधि राख्नु पर्ने हुन्छ । अध्ययनको क्रममा सबै केन्द्रका स.का.ले आ-अफ्नो केन्द्रको तथ्यांक तथा अभिलेख अध्यावधिक राखेको पाइयो भने नगरपालिकाले नगर भित्र सञ्चालित  बालविकास केन्द्रको सङ्ख्या बाहेक अन्य तथ्यांक दिन नसकेको पाइयो । यस्तै गरेर जि.वि.स. बाट पनि अभिलेख अध्यावधिक नरहेको तर प्रोफाइल तयार हुँदै गरेको जानकारी प्राप्त भयो । जि.शि.का., वि.नि. तथा फोकल पर्सनका अनुसार जिल्लाभरीको बालविकास केन्द्रको सङ्ख्या ४८४ रहेको र अन्य तथ्याङ्क र अभिलेखहरु  साधन र समयका कारण अध्यावधिक गर्न नसकिएको जानकारी प्राप्त भयो । यस्तै गरेर सेतोगुराँस बालविकास सेवा केन्द्रले जिल्ला भरीमा ३० वटा बालविकास केन्द्रसँग मात्र साझेदारी संस्थाको रुपमा काम गर्दै आएको, सात वटा केन्द्रलाई रु. ५० हजार देखि ७५ हजारका दरले भवन निर्माण तथा मर्मतका लागि उपलब्ध गराएको तथ्यांक प्राप्त भयो । यस बाहेक अन्य तथ्यांक र अभिलेख जुन रुपमा अध्यावधिक हुनु पर्ने हो सो हुन नसकेको जानकारी प्राप्त भयो ।

### ४.१.११ निरीक्षण अनुगमनको व्यवस्था

बालविकास केन्द्रको नियमित निरीक्षण र अनुगमनका लागि व्यवस्थापन समिति, प्र.अ., न.पा., जि.वि.स. तथा जि.शि.का. र सम्बन्धित संस्थालाई अधिकार र जिम्मेवारी दिइएको पाइन्छ तर पनि अध्ययनको क्रममा सम्बन्धित केन्द्रमा गई बुझ्दा आवश्यक र विशेष अवस्था परेमा मात्र यस्तो निरीक्षण र अनुगमन हुने गरेको पाइयो । निरीक्ष र अनुगमन नियमित नहुनाको कारण के हो ? भनी जिज्ञासा राख्दा निरीक्षण र अनुगमनको क्रममा देखा परेका समस्या समाधान गर्न नसकिनु, निरीक्षण र अनुगमनको प्रतिवेदन उपर कुनै कारवाही नहुनु जस्ता कारणहरु भएको प्रतिक्रिया पाइयो । अनुगमन र निरीक्षणको मर्म र उद्देश्य अनुसार यस्ता कार्यहरु नहुने गरेको पाइएकाले सम्बन्धित व्यवस्थापनको भूमिकामा प्रभावकारीता नरहेको पाइयो ।

### ४.२ बालविकास केन्द्र व्यवस्थापनमा सरोकारवालाको भूमिका

हाल अधिराज्यमा विद्यालयमा आधारित र समुदायमा आधारित  गरी दुई किसिमले पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेको पाइन्छ । यस अध्ययन अनुसन्धनको क्रममा छनोटमा परेका विद्यालयमा अधारित दुई वटा र समुदायमा आधारित दुई वटा बालविकास केन्द्रको स्थलगत निरीक्षण, स.का., प्र.अ., अभिभावक र वि.व्य.स. सँगको अन्तरवार्ताबाट प्राप्त जानकारी तथा तथ्यांकबाट दुवै प्रकारका बालविकास केन्द्रमा सारोकारवालाको भूमिका सम्बन्धी धेरै कुराहरु मिल्दा जुल्दा रहेको पाइयो भने कतिपय कुराहरुमा केही भिन्नता समेत रहेको पाइयो । जसलाई निम्न अनुच्छेदमा उल्लेख गरिएको छ :

#### क) केन्द्र व्यवस्थापन

अध्ययनको क्रममा विद्यालयमा आधारित बालविकास केन्द्रमा विद्यालयको कोठामा कक्षा १ सँग मिश्रित गरि सञ्चालन गरेको पाइयो । यसका लागि थप अन्य सुविधाको अलगै व्यवस्था नभएको पाइयो भने समुदायमा आधारित केन्द्रहरु सरकारी भवन ( शान्ति बालविकास केन्द्र) र निजि व्यक्तिको घरको वरन्डामा सञ्चालन भएको पाइयो । केन्द्रको शैक्षिक र भौतिक व्यवस्थापनमा सरोकारवालाको भूमिका प्रभावकारी नरहेको पाइयो ।

**ख) विद्यालय व्यवस्थापन समितिको गठन र भूमिका**

व्यवस्थापन समितिको गठन सम्बन्धमा वि.व्य.स. ले नै पूर्व प्राथमिक व्यवस्थापन उप समितिकिो काम गर्ने गरेको पाइयो । सम्बन्धित अभिभावकबाट केन्द्र व्यवस्थापन समितिको गठन नहुँदा केन्द्र व्यवस्थापनमा यस्ता समितिले प्रयाप्त चासो नदिएको पाइयो । अर्कोतर्फ समुदायमा आधारित बालविकास केन्द्रमा भने अभिभावक मध्येबाटै समिति गठन गरिएको पाइयो । यस्तो समिति तुलनात्मक रुपमा बढी सक्रिय रहेको पाइयो ।

**ग) स.का.को नियुक्ति, थप सुविधा तथा प्र.अ.को भुमिका**

स.का.को नियुक्तिमा भने शान्ति बालविकास केन्द्रमा बाहेक अन्य केन्द्रमा नियमित प्रक्रिया नअपनाइ व्यवस्थापन समितिको निर्णयका आधारमा नियुक्ति गरेको पाइयो । स.का.लाई महेन्द्र प्रा.वि. बालविकास केन्द्रमा बाहेक अन्य केन्द्रमा व्यवस्थापन पक्षले थप सुविधा नदिएको पाइयो । थप सुविधा जुटाउन व्यवस्थापन पक्षले के के प्रयास गर्नु भयो भनी जिज्ञासा राख्दा आवशयक स्रोतहरु जुटाउन नसकिएको, अभिभावकले शुल्क तिर्न नचाहेको, जि.वि.स. र न.पा.ले पनि चासो नदिएको प्रतिक्रिया पाइयो ।

स.का.को सक्रियता हेर्दा समुदायमा आधारित केन्द्रमा विद्यार्थी बोलाउने, केन्द्रमा ल्याउने, पुनः घरघरमा पुऱ्याउनु पर्ने, केन्द्रको सम्पूर्ण काम आफैले गर्नु पर्ने अनुभव शान्ति बालविकास केन्द्रकी स.का.बाट पाइयो भने सेतोगुराँस बालविकास केन्द्र स.का.को आफ्नै घरमा सञ्चालन गरेकाले यस्तो समस्या नभएको पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रका स.का.ले माथिल्लो कक्षामा समेत पढाउनु पर्ने, कक्षा एकलाई मिसाएर पढाउनु पर्ने, ४ बजेसम्म नै विद्यालयमा बस्नु पर्ने, सबै भन्दा तल्लो स्तरको शिक्षक भएकाले हिनता बोध हुने गरेको अनुभव प्राप्त भयो ।

कुनै पनि केन्द्रमा हालसम्म आफ्नै जग्गा, भवन, कोठाको व्यवस्था गर्न नसकेको पाइयो । समुदायमा आधारित केन्द्रमा पनि अभिभाव, समुदाय र अन्य निकायबाट साधन र स्रोतको व्यवस्था हुन नसकेको पाइयो भने विद्यालयले पनि बालविकास केन्द्रमा विद्यालयको आफ्नै

प्रयासबाट खासै लगानी नगरेको पाइयो । अनुगमन निरीक्षणको अवस्था आवश्यक परेको बेलामा मात्र दुवै किसिमका केनद्रहरुमा हुने गरेको पाइयो ।

प्र.अ.ले समग्र विद्यालय प्रशासन र व्यवस्थापनमा ध्यान दिनु पर्दा बालविकास केन्द्रमा आवश्यकता अनुसारको समय, निरीक्षण र अनुगमन गर्न नसकेको अवस्था पाइयो भने समुदायमा आधारित केन्द्रहरुमा स.का.ले नै प्र.अ.ले गर्ने काम लगायत सबै काम गर्नु पर्ने हुँदा कामको लोड अत्याधिको रहेको पाइयो । न.पा., जि.वि.स. र जि.शि.का.को भूमिकामा दुवै खालको केन्द्रमा समान खालको रहेको पाइयो ।

## ४.३ बालविकास केन्द्र व्यवस्थापनमा देखा परेका समस्याहरू

बालविकास केन्द्रको व्यवस्थापनको अध्ययन र अनुसन्धमानका क्रममा छनोटमा परेका बालविकास केनद्रका स.का., प्र.अ., व्यवस्थापन समिति अध्यक्ष, अभिभावकका साथै नगप्रमुख, स्थानीय विकास अधिकारी, वि.नि. तथा सेतोगुराँस बालविकास केन्द्र तैलिहवाका कार्यक्रम संयोजकसँगको अन्तरवार्ता प्रश्नावली र अवलोकन फारमका आधारमा प्राप्त जानकारी तथा तथ्यांक अनुसार प्रमुख समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क) सहयोगी कार्यकर्ताको योग्यता, तालिम र पारिश्रमिक न्यून हुनु

बालविकास केन्द्रका लागि सहयोगी कार्यकर्ताको, न्यूनतम शैक्षिक योग्यता कक्षा ८ पास गरेको हुनु पर्ने प्रावधानले स.साना बालबालिकाहरुलाई मनोबैज्ञानिक तरिकाले शिक्षण सिकाइ सञ्चालन गर्नमा समस्या परेको पाइयो । यसै गरी स.का.लाई सेवाकालीन र पुर्नताजगी तालिम व्यवस्था पर्याप्त नहुनु वर्तमानको पारिश्रमिक रु. १८०० ज्यादै न्यून भएकोले विकल्पको खोजिमा रहनु परेको जस्ता समस्याहरु रहेको पाइयो ।

**ख) छुट्टैभवन, कक्षाकोठा, खेलमैदान, खानेपानी र शौचालयको व्यवस्था नहुनु**

अध्ययन अनुसन्धानको क्रममा प्रत्येक बालविकास केन्द्रको स्थलगत निरीक्षण र अवलोकन गर्दा सबै केन्द्रहरुमा छुट्टैभवन, उपयुक्त कक्षाकोठा नभएको कक्षा एकसँगै राख्नु परेको चीसो भुइँमा बस्नु परेको, सान्तसफा खेलमैदान नभएको, बच्चाको उमेर अनुसार खानेपानीको व्यवस्था नभएको, समुदायमा आधारित बालविकास केन्द्रमा शौचालय नभएको । विद्यालयमा आधारित बाल विकास केन्द्रमा बालबालिकाले ठूला कक्षाका विद्यार्थीले प्रयोग गर्ने गरी बनाइएको शौचालय, ह्याण्डपाइप र खेलमैदानको प्रयोग, स-साना, बालबालिकाले सहज रुपमा उपयोग र प्रयोग गर्न कठिनाइ भएको पाइयो ।

**ग) खेलकुदका सामाग्री, मनोरञ्जन सामाग्री र शैक्षिक सामाग्री प्रयाप्त नुहुनु**

मारिया मन्टेस्वरी र फ्रोबेलको चिल्ड्रेन होम्स र किन्डर गार्टेनको सिद्धान्तमा अधारित बालविकास केन्द्रमा बालबालिकालाई खेलको माध्यमबाट मनोरञ्जनात्मक तरिकाले विभिन्न सामाग्रीहरु प्रंयोग गर्दै सिकाउनु पर्नेमा प्राय सबै बालिविकास केन्द्रमा यी सबै कुराहरुको अप्रयाप्त रहेको पाइयो ।

**घ) कक्षाकोठाको व्यवस्थापन बालसुलभ नुहुनु**

स-साना बालबालिकाहरुलाई सुहाउँदो बसाइँ व्यववस्था, कालोपाटीको व्यवस्था, चित्रहरु, पोष्टरहरु र अन्य सामग्री राख्ने व्यवस्था, विभिन्न मनोरञ्जनात्मक क्रियाकलाप गराउन र खेल खेल्न समेतलाई प्रयाप्त ठाउँ भएको सफा, सुरक्षित र उपयुक्त कक्षाकोठाको व्यवस्थापन नभएको पाइयो ।

**ङ) प्र.अ. तथा व्यवस्थापन समितिले बालविकास केन्द्रमा ध्यान नदिनु**

केन्द्रको भौतिक एवम् शैक्षिक व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी हुने प्र.अ. तथा व्यवस्थापन समितिले सीमित साधन र स्रोतले विद्यालय सञ्चालन गुर्नपर्ने कारणबाट बालविकास केन्द्रमा आवश्यक समय, लगानी र रेखदेख गर्न नसकिने अवस्था रहेको पाइयो ।

**च) प्रयाप्त साधन र स्रोत नुहनु**

बालविकास केन्द्रमा आवश्यक पूर्वाधार तयार पार्न भौतिक एवम् शैक्षिक व्यवस्थापनका लागि प्रयाप्त साधन र स्रोत नभएको पाइयो । यस सम्बन्धमा न.पा., जि.वि.स., जि.शि.का. तथा अन्य सरोकारवालाबाट निश्चित रकम उपलब्ध गराउने तर्फ हालसम्म ध्यान नपुगेको पाइयो । जसका कारणले गर्दा विविध पक्षको व्यवस्थापनमा कठिनाइ रहेको पाइयो ।

**छ) खाजाको व्यवस्था नहुनु**

यस अवस्थामा शारीरिक  विकासको कारणले छिटो भोकलाग्ने हुँदा खानेकुरा समय समयमा खुवाउनु पर्ने हुन्छ । तर विहान ९ वा ९:३० देखि दिउँसो १ बजेसम्म विद्यालय बस्नु पर्ने हुँदा दिउँसो खाजाको  व्यवस्था नभएको पाइयो ।

**ज) बालविकास केन्द्रप्रति अभिभावक तथा समुदायको चासो नहुनु**

अभिभावकहरुले आफ्ना बालबालिकाको स्वास्थ्य, पोषण,सरसफाइ हेरचाह आदिमा ध्यान दिन नसक्नु, समय-समयमा केन्द्रमा गई बच्चाका विषयमा जानकारी लिन नखोज्नु, बालविकास केन्द्रलाई कुनै शुल्क तिर्न नचाहनु, समुदायले पनि बालविकास केन्द्र प्रति कुनै चासो नदेखाउनु जस्ता कमीकमजोरी रहेको पाइयो ।

**झ) शिक्षा क्षेत्रमा बढ्दो सामाजिक भन्दा राजनैतिक स्वार्थ**

देशको विद्यमान राजनीतिक अस्थिरता र संक्रमणको प्रभाव शिक्षा क्षेत्रमा पनि व्याप्त रुपमा परेको पाइयो । बालविकास केन्द्रको माग, स्वीकृति, स.का.को नियुक्ति तथा व्यवस्थापन समितिको गठनमा समेत प्रत्येक्ष राजनीतिक हस्तक्षेप हुनुले के स्पष्ट गर्दछ भने शिक्षा क्षेत्रमा बढ्दो सामाजिक भन्दा राजनैतिक स्वार्थ हावि भएको देखाउँछ ।

**ञ) बालविकास केन्द्रमा सहयोगी (पियन) को व्यवस्था नहुनु**

अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका बालविकास केन्द्रहरु कुनैमा पनि बालविकास केन्द्रका लागि भनेर सहयोगी कर्मचारीको व्यवस्था नरहेको पाइयो । केन्द्रमा सरसफाइ, बालबालिकाको रेखदेख देखि लिएर सम्पूर्ण काम स.का. एक्लैले गर्नु पर्ने अवस्था रहेको पाइयो ।

**ट) बालविकास केन्द्रलाई तहगत संरचनामा नराखिनु**

बालविकास केन्द्र, शिशु कक्षा, पूर्वप्राथमिक कक्षालाई प्राथमिक तहको संरचना भित्र नराखिनुले यसको आवश्यकता र महत्व कम भएको देखियो ।

**ठ) वि.नि./फोकल पर्सनलाई दोहोरो जिम्मेवारी दिनु**

निश्चित केन्द्र हेर्नुपर्ने कार्यालयका अन्य विविध काममा व्यस्त हुनुपर्ने वि.नि.लाई बालविकास केन्द्रको फोकल पर्सनको समेत थप जिम्मेवारी दिनुले आवश्यक समय दिन नसकेको निरीक्षण र अनुगमन प्रभावकारी गर्न नसकेको पाइयो ।

**ड) निरीक्षण र अनुगमन प्रभावकारी नहुनु**

बालविकास केन्द्रको नियमित निरीक्षण र अनुगमनका लागि प्र.अ. व्यवस्थापन, समिति, न.पा., जि.वि.स., जि.शि.का. तथा साझेदारी संस्थाहरुको जिम्मेवारी भए पनि कुनै पनि पक्षले नियमित अवलोकन, अनुगमन र निरीक्षण नगर्ने गरेको पायो ।

**ढ) अभिभावक शिक्षा तथा प्रचार प्रसार प्रयाप्त नहुनु**

बालविकास केन्द्रको आवश्यकता र महत्वको बारेमा समुदायमा व्यापक प्रचार प्रसार नहुनु अभिभावकलाई चेतनामूलक शिक्षा दिन नसक्नु जस्ता कमी कमजेरी रहेको पाइयो ।

**ण) स्वास्थ्य संस्था तथा अन्य संघसंस्था बीच समन्वयमना कमी हुनु**

बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण र खोपको लागि स्वास्थ्य संस्थासँग समन्वय गरी राम्रो सम्बन्ध स्थापना गर्न नसक्नु, अन्य सम्बन्धित संघसंस्था र सरोकारवाला बीच पनि राम्रो समन्वय र सहकार्यको कमी रहेको पाइयो ।

**त) प्रोत्साहनको कमी हुनु**

हरेक संघसंस्थामा राम्रो काम गर्ने र झारा मात्रै टार्ने दुवै खाले प्रवृत्ति रहेको पाइन्छ । बालविकास केन्द्रमा राम्रो र उल्लेखनिय योगदान पुऱ्याउने व्यवस्थापन समिति तथा स.का.लाई पुरस्कार तथा प्रशंसा नगर्नु पनि एउटा समस्याको रुपमा रहेको पाइयो ।

**थ) नीति नियममा अस्पष्टता हुनु**

बालविकास केन्द्र सञ्चालन सम्बन्धी हालको नीति नियम स्पष्ट नभएको, न.पा., जि.वि.स. र जि.शि.का. कसको के कति जिम्मेवारी हुने, कसले के गर्नु पर्ने, के गर्न सक्ने, के गर्न नहुने जस्ता कुराहरुमा नीति नियममा अस्पष्टता रहेकाले पनि थप समस्या भएको पाइयो ।

समग्र अध्ययनको क्रममा बालविकास केन्द्रको व्यवस्थापनमा विभिन्न समस्याहरुको सामना गर्नु परेको, चाहे अनुरुप काम गर्न नसकेको, साधन स्रोतको कमी, जनचेतनाको कमी, सरकारी भूमिका, सरकारी कोटा स्वीकृति, स.का. नियुक्ति र तलब खुवाउनुमा मात्रै सीमित रहेको, शैक्षिक र भौतिक व्यवस्थापनमा खासै सहयोग नगरेको, निरीक्षण र अनुगमन प्रणाली प्रभावकारी नभएकाले बालविकासको प्रभावकारी व्यवस्थापन र सञ्चालनमा समस्या रहेको पाइयो ।

## ४.४ बालविकास केन्द्र व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु

यस शोध अध्ययन र अनुसन्धानका क्रममा छनोटमा परेका सरोकारवाला व्यक्ति, निकाय, समिति र संस्थासँगको अन्तरवार्ता प्रश्नावली र अवलोकन फारमका आधारमा आ आफ्नो भूमिका प्रभावकारी हुन नसक्नाका थुप्रै कारणहरु प्राप्त भए जसको समाधानका लागि प्राथमिकताका आधारमा निम्न वुँद्धाहरुमा प्रस्तुत गरिएको छ :

**क) सहयोगी कार्यकर्ताको वृत्तिविकास र प्रयाप्त तालिमको व्यवस्था**

अध्ययनको क्रममा स.का.को योग्यता, नियुक्ति तथा सुविधामा उपयुक्त ध्यान नपुगेको, स्वयम् सेवकको जस्तो काम गर्नुपरेको, पारिश्रमिक ज्यादै न्यून भएको गुनासो स.का. हरुमा रहेको र यसका लागि निश्चित मापदण्ड बनाइ विद्यालयका अन्य शिक्षक सरह नियुक्ति तथा सेवा सुविधा उपलब्ध गरउनुपर्ने, पर्याप्त पूर्व सेवाकालीन, सेवाकालीन र पूर्नजाजगी तालिमको व्यवस्था हुनु पर्ने धारणा सबै स.का.बाट प्राप्त भएको थियो ।

**ख) छुट्टै भवन र कक्षाकोठाको व्यवस्था**

भर्खर विद्यालय प्रवेश गरेका बालबालिकाका लागि छुट्टै भवन, उपयुक्त व्यवस्थापन सहितको कक्षाकोठाको व्यवस्था गरिनु पर्ने प्रतिक्रया  प्राय सबै अभिभावक र स.का.बाट प्राप्त भयो ।

**ग) खानेपानी, खेलमैदान र शौचालयको राम्रो प्रबन्ध**

सरोकारवालालाई बढी जिम्मेवारी र सक्रिय बनाइ बालविकास केन्द्रमा शुद्ध स्वच्छ खानेपानी, उपयुक्त खेलमैदान सुविधाजनक शैचालयको व्यवस्था गर्नतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्ने धारणा सबै अभिभावक, स.का र व्यवस्थापन समितिका अध्यक्षहरुबाट प्राप्त भयो ।

**घ) पर्यात खेलकुदका सामग्री शैक्षिक सामग्री र मनोरञ्जनका सामग्रीको व्यवस्था**

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकालाई मनोरञ्जनात्मक तरिकाले खेलको माध्यमबाट सिकाउनका लागि आवश्यक पर्ने खेलकुदका सामग्रीहरु, शैक्षिक सामग्रीहरु र गीत संगीत तथा मनोरञ्जनका सामग्रीहरुको व्यवस्था गर्नु पर्ने धारणा प्राप्त भयो ।

**ङ) केन्द्रमा सहयोगीको व्यवस्था**

केन्द्रका सम्पूर्ण काम स.का. एउटैले गर्नु पर्ने गुनासो पाइयो  । यस्तो अवस्थामा प्रभावकारी भूमिका निर्वाह गर्न कठिनाई हुने हुँदा प्रत्येक बालविकास केन्द्रहरुमा कम्तिमा एक जना सहयोगी (पियन) को व्यवस्था गर्नु पर्ने प्रतिक्रिया सबै स.का. र अभिभावकबाट प्राप्त भयो ।

**च) बालबालिकालाई खाजाको व्यवस्था गर्नुपर्ने**

बालबालिकाहरुलाई कम्तिमा पनि ४ घण्टाको समय बालविकास केन्द्रमा विताउनु पर्ने हुँदा उमेर अवस्था अनुसार भोक धेरै लाग्ने, वारम्बार खानुपर्ने, पढाइतिर रुचि नजाने, भाग्न खोज्ने हुँदा अभिभावक र केन्द्र व्यवस्थापन पक्षको सहयोगमा स्रोतको व्यवस्थापन गरी बालबालिकाको दिउसोको खाजाको व्यवस्था मिलाउनु पर्ने धारणा ५० प्रतिशत अभिभावकबाट प्राप्त भएको थियो ।

**छ) सामाजिक भावनाको विकास गर्नु पर्ने**

देशको वर्तमानको अस्थिर राजनैतिक अवस्थाका कारण व्यक्ति विशेषले राजनैतिक दबाब दिई स.का.को नियुक्ति र व्यवस्थापन समितिको गठनमा हस्तक्षेप गर्ने प्रवृत्तिलाई निमूल पारी स्वच्छ, पारदर्शी र सामाजिक सेवाको भावनाले काम गर्ने वातावरणको सृजना गर्नु पर्ने प्रतिक्रिया सबै उत्तरदाताबाट प्राप्त भयो ।

**ज) अभिभावकबाट निश्चित शुल्क लिने व्यवस्था गर्नुपर्ने**

केद्र व्यवस्थापनमा स्रोतको कमीकमाजोरी रहेको गुनासो प्राप्त भएको थियो । केन्द्र व्यवस्थापनका लागि सम्बन्धित अभिभावकको मन्जुरीमा केही शुल्क नियमित रुपमा लिइ व्यवस्थापनमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने धारणा सबै अध्यक्ष र प्र.अ.बाट प्राप्त भयो ।

**झ) स्रोत साधनको खोजी र उपयोग**

बालविकास केन्द्रको भौतिक एवम् शैक्षिक व्यवस्थापनका लागि प्रयाप्त साधन र स्रोतको आवश्यकता पर्दछ । त्यसका लागि स्थानीय समुदाय, अभिावक, समाजेसेवी, चन्दादता, जि.वि.स., जि.शि.का. तथा अन्य संघसंस्थासँग समन्वय गरी आवश्यक साधन स्रोत जुटाउनु पर्ने र उपलब्ध साध र स्रोतको उपयुक्त र पारदर्शी तरिकाले उपयोग गर्नु पर्ने प्रतिक्रिया सबै अभिभावकबाट प्राप्त भयो ।

**ञ) अभिभावक शिक्षा, सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने**

प्रत्येक केन्द्रका अभिभावकहरुलाई सचेत गराउन, बालशिक्षा, स्वास्थ्य तथा अधिकारको बोध गराउन आफ्नो जिम्मेवारी अवगत गराउन अभिभावक शिक्षा दिनुपर्ने, बालविकास केन्द्रको आवश्यकता र महत्वको बारेमा स्थानीय समुदायमा प्रचार प्रसार गर्ने र सरोकारवालालाई बढी सचेत र जिम्मेवार तथा सक्रिय बनाउन सचेतना तथा अभिमुखि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने प्रक्रिया सबै सरोकारवालाबाट प्राप्त भयो ।

**ट) स्वास्थ्य संस्था तथा अन्य संघसस्थहरुसँग सहकार्य र समन्वय गर्नुपर्ने**

बालबालिकाको नियमित स्वास्थ्यपरीक्षण र खोपका लागि स्वास्थ्यसंस्थासँग समन्वय गरीउक्त सेवाहरु नियमित रुपमा उपलब्ध गराउनेतर्फ  ध्यान दिनु पर्ने धारणा प्राप्त भयो

भने अन्य सहयोगी, साझेदारी संघसंस्था बीचपनि राम्रा समन्वय कायम गरी आवश्यक सहयोग लिन सक्ने वातावरणको सृजना गर्नु पर्ने धारणा प्राप्त भयो ।

**ठ) पुरस्कार एवम् दण्ड सजायको नीति अवलम्बन गर्नुपर्ने**

केन्द्रसँग सम्बन्धित स.का.,प्र.अ., व्यवस्थापन समितिलाई राम्रो काम गरेमा प्रशंसा तथा पुरस्कार दिने र गैर जिम्मेवारी ढंगले आफ्नो कर्तव्य निर्वाह गरी केन्द्रकै शैक्षिक वातावरणमा नकारात्मक असर पुर्‍याउनेलाई नसिहत दिने, घटुवा गर्ने वा निलम्बन वा खारेजी गर्ने नीति अपनाउनु पर्ने धारणा प्राप्त भयो ।

**ड) बालविकास केन्द्रलाई विद्यालय संरचना भित्र ल्याउनु पर्ने**

बालविकास केन्द्रलाई विद्यालय तहको संरचना भित्र नराखिनुले यस्को महत्व र आवश्यकता तर्फ कमै ध्यान गएको पाइन्छ । यस उमेरका बालबालिकामा सकरात्मक सोचको विकास गरी उनीहरुको भावी जीवनमा समेत प्रभाव पर्न सक्ने हुँदा विद्यालय संरचना भित्र राखि सबैबालबालिकालाई कम्तिमा एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने प्रतिक्रिया प्राप्त भयो ।

**ढ) वि.नि. लाई दोहोरो जिम्मेवारी दिन नहुने**

निश्चित स्रोत केन्द्रहरुको जिम्मा पाएका वि.नि.लाई थप कामको रुपमा फोकल पर्सनको जिम्मा थपीदा समय दिन नसक्ने, निरीक्षण र अनुगमन प्रभावकारी हुन नसकेको धारणा प्राप्त भयो अत : दोहोरो जिम्मा नदिइ एउटा क्षेत्रको मात्रै जिम्मा दिँदा राम्रो हुने प्रतिक्रिया फोकल पर्सन तथा वि.नि.बाट प्राप्त भयो ।

**ण) नीति निर्माण तहमा सरोकारवालाको संलग्नता हुनु पर्ने**

बालविकासकेन्द्र सञ्चालनका लागि आवश्यक पूवार्धार तयार पार्न र व्यवस्थापन पक्षमा बढी जिम्मेवारी बनाउनका लागि स्थानीय तहबाटै राय, सल्लाह  सुझाव सङ्कलन गरी सराकारवालाको सुझावलाई पनि आत्मसाथ गर्दै नीति निर्माण गरिनु पर्ने प्रतिक्रिया नगरप्रमुख, स्थानीय विकास अधिकारी, वि.नि. तथा अभिभावकबाट प्राप्त भयो ।

**त) निरीक्षण तथा अनुगमन व्यवस्थाको  प्रभावकारीतामा  बढाउनु पर्ने**

बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन र सञ्चालनका लागि नियमित निरीक्षण अनुगमन हुनु आवश्यक छ । केन्द्रको सञ्चालन कसरी भएको छ ? समस्याहरु के के छन् ?

समाधान कसरी गर्न सकिन्छ ? भन्ने जस्ता जिज्ञासा मेटाउन सहयोगी कार्यकर्ता, शिक्षक, प्र.अ, व्यवस्थापन पक्षलाई आवश्यक सुझाव, सल्लाह, मार्गनिर्देशन र  पृष्ट पोषण गर्न, देखा परेका समस्यालाई समाधान गर्ने उद्देश्यले न.पा., जि.वि.स., जि.शि.का. व्यवस्थापन समिति, प्र.अ.बाट बेलाबेलामा बालविकास केन्द्रको निरीक्षण र अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनुका साथै समस्या समाधानमा सहयोग पुऱ्याउनु पर्ने हुँदा निरीक्षण र अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने धारणा  वि.नि.बाट प्राप्त भयो ।

**थ) सरोकारवालालाई थप सक्रिय बनाउन  नीतिनियममा स्पष्ट व्यवस्था हुनुपर्ने**

कतिपय कुराहरुमा न.पा., जि.वि.स. र जि.शि.का.को भूमिका र जिम्मेवारीमा स्पष्ट किटान नहुँदा समस्या परेमा कसले कस्तो भूमिका खेल्पर्ने भनी नीति नियममा परिवर्तन गरी स्पष्ट र व्यवहारिक बनाउनु पर्ने धारणा सबै उत्तरदाताबाट प्राप्त भयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

अध्ययन अनुसन्धानको क्रममा थुप्रै किसिमका जानकारीहरु प्राप्त भए । यस्ता जानकारी तथा तथ्यहरुलाई सामान्यीकरण गरी प्राप्ति र निष्कर्ष निकालिएको छ । नीति निर्माता र कार्यान्वयन पक्षमा दिनुपर्ने आवश्यक सुझावहरु पनि अलग अलग शीर्षकमा राखि निम्नानुसार उल्लेख गरिएको छ :

## ५.१ प्राप्ति

यस शोध अध्ययनको क्रममा छनोटमा परेका बालविकास केन्द्रको सस्थलगत भ्रमण, अवलोकन गरी केन्द्रका व्यवस्थपनसँगको प्रत्यक्ष भेटघाट र अन्तरवार्ता प्रश्नावलीका आधारमा प्राप्त हुन आएका प्राप्तिहरुलाई निम्नानुसार उल्लेख गरिएको छः

क) बालविकास केन्द्रहरु समुदायमा आधारित र विद्यालयमा आधारित गरी २ किसिमबट सञ्चालनमा रहेको पाइयो ।

ख) ३ वर्ष देखि ५ वर्ष सम्मका बा लबालिकाहरुलाई केन्द्रमा भर्ना गरी पूर्वप्राथमिक शिक्षा दिने गरेको पाइयो ।

ग) न्यूनतम योग्यता, समय सापेक्ष अनुसार पारिश्रमिकमा कमी भएका कारण अध्ययन अध्यापनमा गुणस्त वृद्धि हुन नसकेको पाइयो भने स.का.ले विकल्पको रुपमा अन्य रोजगारको अवसर खोज्नु पर्ने ( केन्द्रको न्यून पारिश्रमिकका कारण) भएको हुँदा केन्द्रलाई भन्दा अन्यत्र बढी ध्यान केन्द्रित गर्ने गरेको पाइयो ।

घ) विभिन्न राजनीतिक हस्तक्षेप तथा दवाको प्रभाव बालविकास केन्द्रमा पनि पर्न गएको फलस्वरुप स.का.ले चाहेर पनि आफूले सोचेजस्तो भूमिका निर्वाह गर्न नसकेको अवस्था अनुसन्धानका क्रममा जानकारी प्राप्त भयो ।

ङ) कमजोर व्यवस्थापनका कारण बालविकास केन्द्रको निश्चित ठाउँ तथा प्रयाप्त स्रोत र साधनको व्यवस्था हुन नसकेको पाइयो ।

च) अभिभावक र स्थानीय समुदायको लगानी र चासो कम रहेको पाइयो ।

छ) केहि केन्द्रमा भने स.का.लाई विद्यालयले थप सुविधा उपलब्ध गराई  थप काम समेत गर्न लगाएको पाइयो ।

ज) बालविकास केन्द्रका लागि भने नियुक्ति गरिएका स.का.ले माथिल्ला कक्षामा अध्यापन गराउनु पर्ने बाध्यता रहेको पाइयो ।

झ) नगरपालिकामा बालविकास कार्यक्रम प्रति ठोस योजना र कार्यक्रम नभएको, बालविकासका लागि वितरण गर्ने भनि निर्णय गरिएका कुरा पनि हालसम्म उपलब्ध हुन नसकेको पाइयो जसबाट बालविकास केन्द्रप्रति नगरपालिकाको ध्यानाकर्षणमा कमी रहेको अनुभव प्राप्त गरिएको छ ।

ञ) जि.वि.स., जि.शि.का., वि.नि. तथा फोकल पर्सनको पनि आफ्नो कार्य व्यवस्थता तथा अन्य कार्यबोझका कारण केवल औपचारिकता पूरा गर्ने ढङ्गले काम भएको उल्लेख्य भूमिका निर्वाह हुन नसेको कुरा अनुसन्धानबाट जानकारी प्राप्त भयो ।

ट) वि.व्य.स., प्र.अ., न.पा., जि.शि.का., जि.वि.स. र सेतो गुराँस बालक्लवबाट शैक्षिक र भौतिक व्यवस्थापनमा यथासक्य सहयोग गरिएको भएता पनि यो न्यून रहेको र यसलाई अझ सक्रिय र थप योगदानको आवश्यकता रहेको पाइयो ।

ठ)  सेतो गुराँस संस्थाले साझेदारीको रुपमा काम गर्दै आएको तर विभिन्न कारणहरुले संस्थाको भूमिका प्रभावकारी हुन नसकेको पाइयो तर पनि सचेतना, बालक्लव गठन, अभिभावक शिक्षा, विभिन्न खालका तालिम सञ्चालन, अभिमुखीकरण जस्ता कार्यक्रम सञ्चालन गरिएको पाइयो ।

## ५.२ निष्कर्ष

शोध अध्ययन र अनुसन्धानको क्रममा व्यवस्थपनसँगको भेट, छलफल, अन्तरक्रिया प्रश्नावली र केन्द्रको स्थलगत अवलोकनबाट व्यवस्थपनको भूमिकको वर्तमान अवस्थाको यथार्थ जानकारी प्राप्त भयो, प्रमुख समस्याहरु पनि प्रसस्तै रहेको पाइयो, यसलाई समाधान कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा पनि थुप्रै उपायहरु उल्लेख गरिसकिएको छ । यी विविध पक्षहरुको अध्ययनबाट निम्न निष्कर्षमा पुगिएको छ :

क) केन्द्रको सफलता, असफलता स.का. माथि निर्भर गर्ने हुँदा उनीहरुको योग्यता, तालिम, पारिश्रमिक मा वृद्धि गरी समय सापेक्ष गराई उनीहरुमा पेशाप्रतिको आस्था र विश्वास बढाई, भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ ।

ख) केन्द्रप्रति अभिभावकको जिम्मेवारी भूमिका हुन्छ, केन्द्र प्रति रुचि लिने, केन्द्रमा जाने, छलफलमा भागलिने, केन्द्रका कार्यक्रममा संलग्नता देखाउने र केन्द्रको विकास र प्रभावकारी सञ्चालनमा मेरो पनि महत्वपूर्ण भूमिका छ भन्ने कुराको बोध गराई उनीहरुलाई बढी सक्रिय बनाउनु पर्दछ ।

ग) बालविकास केन्द्रका लागि आवश्यक पर्ने शैक्षिक र भौतिक व्यवस्थापनको जिम्मेवारी लिएको व्यवस्थापन समितिलाई बढी सक्रिय गराउने, साधन र स्रोतको खोजि गर्ने, भएका साधन र स्रोतको अधिकतम उपयोग कसरी गर्ने, न्यूनतम आवशयकता कसरी परिपूर्ति गर्ने भन्ने जस्ता विषयमा तालिम दिइ उनीहरुको सक्रियतामा वृद्धि गरी भूमिकालाई थप प्रभावकारी बनाउनु पर्दछ ।

घ) बालविकास केन्द्र स्थापना गर्न न्यूनतम पूर्वाधार पूरा गरेकालाई मात्र स्वीकृति दिनु पर्दछ ।

ङ) नगरपालिका, जि.शि.का र  जि.वि.स.मा समेत बालविकास सम्बन्धी छुट्टै शाखाको व्यवस्था गरिनु पर्ने र हरेक आर्थिक वर्षमा निश्चित रकम बालविकासलाई छुट्टयाइ बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ ।

च) एउटा वि.नि.लाई निश्चित स्रोतकेन्द्रको जिम्मेवारीका साथै जिल्लामा भएका बालविकास केन्द्रहरु हेर्नु पर्ने भएकोले समय दिन नसक्ने अवस्थाले गर्दा वि.नि.को भूमिका प्रभावकारी हुन नसकेको हुँदा छुट्टै व्यक्तिलाई फोकल पर्सनको जिम्मेवारी दिनु पर्दछ ।

छ)  सेतो गुराँस बालविकास सेवा केन्द्रको भूमिका सह्रानीय देखिन्छ तर पनि संस्थागत साझेदारी र जिम्मेवारीमा अझै सक्रियता ल्याउनु पर्दछ ।

ज) बालबालिकालाई एक वर्ष मात्र केन्द्रमा राख्दा अभिभावकले कम चासो लिने हुँदा कम्तीमा दुई वर्ष बालविकास केन्द्रमा राख्ने र त्यसपछि आवद्ध विद्यालय मैं कक्षा एकमा अथवा राम्रा बालबालिकालाई कक्षा दुईमा भर्ना गर्ने व्यवस्था मिलाउनु पर्दछ । जसले गर्दा अभिभावकहरुमा केन्द्रप्रतिको चासो कढ्न सक्दछ ।

यसरी हेर्दा वर्तमान अवस्थामा व्यवस्थपनले खेलको भूमिका पर्याप्त छैन, मन्टेश्वरी र फ्रोवेल जस्ता शिक्षाविद्हरुको धारणा अनुसार पूर्वप्राथमिक शिक्षालाई बालमैत्री, बाल मनोविज्ञान अनुसारको रमाइलो र मनोरञ्जनात्मक तरिकाले शिक्षण गर्न सकिने वातावरणको सिर्जना गर्न सकेको खण्डमामात्र बालविकास केन्द्रको सिद्धान्त र उद्देश्य पूरा

हुन सक्ने हुँदा व्यवस्थपनको भूमिकालाई थप प्रभावकारी बनाउनु पर्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ५.३ सुझावहरु

बालविकास केन्द्रको व्यवस्थपनमा चुनौति र समस्यालाई समाधान गरी प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) वर्तमान नियमावलीमा परिवर्तन गरी स.का.को योग्यता SLC कायम गरी, नियुक्ति प्रक्रियामा जि.शि.का.को उपस्थितिमा छनोट प्रक्रिया सञ्चालन गर्नु पर्ने अन्यथा नियुक्ति समर्थन नगरिने प्रावधान राख्नु पर्ने र सुविधा ( पारिश्रमिक) समय सापेक्ष बनाउनु पर्दछ ।

ख) केन्द्रको स्वीकृति सम्बन्धमा स्थलगत निरीक्षण गरी नियमावली २०४९ को नियम ६८ अनुसारको पूर्वाधार पूरा गरेपछि मात्र स्वकृति दिने र स्वीकृति पश्चात पनि उक्त कुराहरु अध्यावधिक राख्नु पर्ने, अन्यथा स्वीकृति खारजे गर्न सकिने कानुनी व्यवस्था मिलउनु पर्दछ ।

ग) केन्द्रको भौतिक व्यवस्थापन स्थानीय निकायलाई दिने र शैक्षिक व्यवस्थापनको जिम्मेवारी जि.शि.का.लाई रहने कानुनी व्यवस्था गर्नु पर्दछ । यसअन्तर्गत हरेक आर्थिक वर्षमा नगर परिषद र जिल्ला परिषदबाट निश्चित रकम बालविकास केन्द्रका लागि पारित गराइ कार्यान्यन गर्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ ।

घ) पूर्वप्राथमिक शिक्षालाई प्राथमिक तहको संरचना भित्र राख्ने सरकारी नीति हुनु पर्दछ । अन्यथा केन्द्र प्रतिको चासो घट्दै जान सक्दछ ।

ङ) बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन गर्नका लागि अभिभावकबाट निश्चित शुल्क लिने, चन्दादाता, स्थानीय समुदाय, संघसंस्था समेतसँग समन्वय गरी आवश्यक साधन र स्रोत जुटाउने पहल गर्नु पर्ने देखिन्छ । हरेक केन्द्रमा स.का.को सहयोगका लागि कम्तिमा एक जना सहयोगी (पियन/कर्मचारी) को व्यवस्था गर्नु पर्दछ ।

च) सञ्चालित बालविकास केन्द्र पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शैक्षिक सामग्री, खेलकुदका सामग्री र अन्य मनोरञ्जनका सामग्रीहरुको व्यवस्थापन गरी मनोवैज्ञानिक र बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलपा सञ्चालन गर्नु पर्दछ । यसका लागि स.का.लाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्दछ ।

छ) बालबालिकाको उमेर अवस्था र केन्द्रप्रतिको आकर्षण बढाउनका लागि केद्रमा खाजाको व्यवस्था गर्नु पर्दछ । यसको लागि स्थानीय निकाय र व्यवस्थापन पक्षले स्रोतको खोजीगरी व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ज) निरक्षण र अनुगमनलाई व्यवस्थित गरिनु पर्दछ । १ वर्षमा कतिपटक कस-कसले निरीक्षण गनु पर्ने, किटान गरी अनुगमन र निरीक्षणको प्रतिवेदनका आधारमा केन्द्रको बजेट र पारिश्रमिको निकासा गर्ने व्यवस्था गर्नु पर्दछ ।

झ) प्रत्येक केन्द्र, न.पा., जि.वि.स. तथा जि.शि.का. ले आफ्नो र आफ्नो क्षत्र भित्रका बालविकास केन्द्रको तथ्यांक र अभिलेख अद्यावधिक राख्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ । जसका लागि स्थानीय निकायहरुमा समेत बालकिवास केन्द्र हेर्ने वा सो सम्बन्धी काम गर्ने छुट्टै शाखाको व्यवस्था मिलाउनु पर्दछ ।

ञ) विद्यालय व्यवस्थापन समितिको गठन, स.का., नियुक्ति, जस्ता कुराहरुमा राजनैतिक हस्तक्षेपको अन्त्य गरी सक्षम र योग्य व्यक्तिले विद्यालयको नेतृत्व लिने र शिक्षक नियुक्तिमा पारदर्शिता हुनु पर्दछ । जसबाट सक्षम, योग्यता भएका व्यक्तिको चयन भई शैक्षिक गुणस्तरमा वृद्धि हुन सक्दछ ।

ट) स.का. ⁄ प्र. अ. तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थासँग समन्वय गरी केन्द्रका बालबालिकाहरुलाई नियमित खोप तथा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

ठ) अभिभावकहरुलाई अनिवार्यरुपमा अभिभावक शिक्षा, समुदायमा प्रचार प्रसार तथा प्र.अ. अभिवक व्यवस्थापन समितिका सदस्यलाई सचेतना तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नु पर्दछ ।

ड) हाल प्रचलनमा रहेको नीति नियममा परिवर्तन गरी स.का.,प्र.अ. अभिभावक, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाको भूमिकालाई थप सक्रिय र प्रभावकारी बनाउनु पर्दछ । यसका साथै न.पा., जि.वि.स., जि.शि.का.को भूमिकामा कस-कसले के के गर्नुपर्ने, गर्न सक्ने, गर्न हुने, गर्न नहुने जस्ता कुराहरु स्पष्ट गरी थप जिम्मेवार मूलक बनाउनु पर्दछ ।

ढ) शिक्षा मन्त्रालय तथा शिक्षा विभाग देखि स्थानीय निकाय सम्म बालविकास केन्द्रका लागि छुट्टै शाखाको स्थापना गरी  स्वतन्त्रपूर्वक काम गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ । यसका लागि आवश्यक जनशक्तिको छुट्टै व्यवस्था गरी साधन र स्रोतको समेत व्यवस्था गरिनु पर्दछ ।

## सन्दर्भ ग्रन्थहरू


कानुन किताब व्यवस्था समिति (२०५९), **शिक्षा नियमावली** काठमाण्डौ : शुलभ प्रकाशन ।

कोफ्सा-नेपाल (२०६६), **जिल्लामा विद्यालय क्षेत्रसुधार,** काठमाण्डौ ।

जि.वि.स. कार्यालय (२०६६), **विकास बुलेटिन, विकास पात्रो,** रुपन्देही ।

पाण्डे झविन्द्रप्रसाद (२०६७), **बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

पौडेल दुर्गाप्रसाद (२०६०), **जनसंख्या विषयमा शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धि बीचको सम्बन्ध एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), **राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन**, काठमाण्डौ ।

शिक्षाविभाग (२०६१), **प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका**, भक्तपुर : शिक्षामन्त्रालय ।

शिक्षाविभाग (२०६१), **प्रारम्भिक बालविकास दिगदर्शन पाठ्यक्रम** भक्तपुर : शिक्षाविभाग ।

शर्मा चिरञ्जिवी र शर्मा निर्मला (२०६७), **शिक्षाको परिचय**, काठमाण्डौ : एम.के. पब्लिसर्स ।

शर्मा जयकृष्ण (२०६२), **सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको संलग्नता एक तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

सिहं नागेश्वर (२०६३), **बालविकास सिकाइ,** काठमाण्डौ : पैरवी प्रकाशन

सिहं नागेश्वर (२०६६), **शिक्षाको परिचय,** काठमाण्डौ : पैरवी प्रकाशन

सेतो गुराँस राष्ट्रिय बालविकास सेवाकेन्द्र (२०६८), **प्रारम्भिक बालविकास पात्रो,** ललितपुर ।

सेतो गुराँस बालविकास सेवाकेन्द्र (२०६६), **प्रारम्भिक बालविकास बुलेटिन,** कपिलवस्तु ।

श्रेष्ठ, श्रीकृष्ण (२०६१), **नेपालको शैक्षिक विकास तथा शिक्षा ऐन नियम,** काठमाण्डौ : पैरवी प्रकाशन ।

Ministry of Education (2010), **Educaitonal Information a Glimpse, Kathmandu.**

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : १

## छनोटमा परेका बकाविकास केन्द्रको विवरण

| क.सं | बालविकास केन्द्र/विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | बालविकास केन्द्र, श्री महेन्द्र प्रा.वि. | क. व. न. पा. १ | |
| २. | बालविकास केन्द्र, श्री यसोधरा मा.वि. | क. व. न. पा. ४ | |
| ३. | शान्ति बालविकास केन्द्र | क. व. न. पा. १० | |
| ४. | सेतो गुराँस बालविकास केन्द्र | क. व. न. पा. ४ | |

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : २

## सहयोगी कार्यकर्ताको लागि अन्तवार्ता प्रश्नावली

बालविकास केन्द्रको नाम :...................................... स.का.को नाम : ........................

१. यस बालविकास केन्द्रले कहिले अनुमति पाएको हो ?

.........................................................................................................

२. नियमित उपस्थित हुने विद्यार्थी संख्या सरदर कति होला ?

.........................................................................................................

३. अनुपस्थित हुनाका कारणरूप के के होलान् ?

.........................................................................................................

४. अनुपस्थित हुने विद्यार्थीको लागि उपस्थित गराउनका लागि के के प्रयासरूप गर्नु भएको छ ?

.........................................................................................................

५. अभिभावकसँग नियमित भेटघाट, छलफल बैठक बोलाउनु हुन्छ कि हुँदैन ?

क) बोलाइन्न ख) कहिलेकाही मात्र ग) नियमित

६. तपाईंको केन्द्रमा भएका सामग्रीरूप के के छन् ?

.........................................................................................................

७. मासिक प्रतिवेदन तयार पारि नियमित रुपमा तयार पारि सम्बन्धित निकायमा पठाउने गर्नु भएको छ ?

क) छ ख) छैन

८. केन्द्रमा अभिलेखरूप अध्यावधिक गर्नु भएको छ ?

क) अध्यावधिक छ ख) छैन ग)केहिमात्र अध्यावधिक छ

९. स्वास्थ्यकेन्द्र संघसंस्था, नगरविकास समितिहरूसँग सम्पर्क र समन्वय गर्नु भएको छ छैन ?

क) नियमित गर्छु ख) आवश्यक परेमा मात्र गर्छु ग) गर्ने गरेकै छैन

१०. बालविकास केन्द्रको क्षेत्रभित्रका सबै बालबालिका ( पूर्व प्राथमिक उमेरका) यस केन्द्रमा आएका छन् कि छैनन् ?

क) सबै आएका छन् ख) ५० प्रतिशत आएका छन् ग) थाहा छैन

११. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु भएको छ छैन ?

क) गरेको छैन ख) यस विषयमा थाहानै छैन ग) केहि मात्र गरेको छ

१२. केन्द्रका बालबालिका लागि नियमित स्वास्थ्य परीक्षण र खोप कार्यक्रम सञ्चालन गर्नु भएको छ छैन ?

क) यस्तो गरेको छैन

ख) खोप कार्यक्रम मात्र संचालन भएको छ

ग) केहि मात्रामा गरेको छु

१३. केन्द्रको नाममा ( खातामा ) कुन कुन श्रोतबाट सहयोग रकम/सामग्रीरूप उपलब्ध भएको छ ?

.....................................................................................................

१४. केन्द्रमा सम्बन्धित व्यक्ति वा निकायबाट निरीक्षण हुने गरेको छ छैन ?

.....................................................................................................

१५. सहकारी कार्यक्रम सञ्चालन गुर्न भएको छ छैन ?

क) यस विषयमा थाहानै छैन ख) गरेको छैन ग) प्रयासमा छु

१६. बालविकास केन्द्रको प्रचार प्रसार गर्ने गर्नु हुन्छ कि हुँदैन ?

क) गरेको छैन ख) भर्ना समयमा मात्र गर्ने गर्छु

१७. आफू अनुपस्थित हुनु पर्दा कसरी सञ्चालनको व्यवस्था मिलाउने गर्नु भएको छ ?

क) त्यस्तो अवस्थामा बन्द रहन्छ ख) सहगोगिले चलाउँछन्

ग) त्यस्तो अवस्था आएको नै छैन

१८. सार्वजनिक लेखापरीक्षण गराउने गर्नु भएको छ छैन ?

क) गरेको छैन ख) वर्षको एक पटक गर्ने गरिन्छ ग) यस बारेमा थाहानै छैन

१९. पाठ्यक्रम र सन्दर्भ सामग्री सम्बन्धी व्यवस्था कसरी गर्ने गर्नु भएको छ ?

..................................................................................................

२०. केन्द्र सञ्चालनका लागि अभिावकबाट केही सहयोग शुल्क लिने व्यवस्था गर्नु भएको छ ?

क) छ ख) छैन

२१. अभिावकहरू केन्द्रमा आएर आफ्ना बालबालिकाको बारेमा चासो लिने, सोधपुछ गर्ने जस्ता कुराहरू के कस्ता छन् ?

क) थोरैले मात्र यस्तो गर्दछन् ख) सबैले गर्दछन्

ग) चासो नै राख्दैनन् घ) धेरै जसोले गर्दछन्

२२) केन्द्रका लागि आवश्यक पर्ने सामग्रीरूपको व्यवस्थाका लागि तपाईले थप के के प्रयास गर्नु भएको छ ?

.................................................................................................

२३) केन्द्रमा तपाईले भोगेका प्रमुख समस्याहरू के के छन् ?

..............................................................................................

२४) बालविकास केन्द्रको दिगो विकास र प्रभावकारी व्यवस्थापनका लागि सहयोगी कार्यकर्ताको थप भूमिका के के हुनु पर्दछ जस्तो लाग्छ ?

.......................................................................................................

....

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ३

## अभिभावकका लागि अन्तवार्ता प्रश्नावली

बालविकास केन्द्रको नाम :......................................................

अभिभावकको नाम ........................................................ पेशा :
.........................

१. बाल विकास केन्द्रमा जाने बच्चाको नाम र उमेर कति हो ?

.........................................................................................................

२. तपाईको घरदेखि बालविकास केन्द्र कति टाढा पर्दछ ?

.........................................................................................................

३ बच्चा आफै जाने आउने गर्छ वा कसैले पुऱ्याउनु पर्दछ ?

.........................................................................................................

४. बच्चाको खाजाको व्यवस्था कसरी गर्नु हुन्छ ?

.........................................................................................................

५. नियमित रूपमा विद्यालय पठाउने गर्नु हुन्छ वा हुँदैन ?

..................................................................................................................

६. बच्चाको पढाइको निर्भरता विद्यालयमा मात्र हुन्छ वा घरमा पनि ?

.........................................................................................................

७. बालविकास केन्द्रमा गएर बच्चाको बारेमा बुझ्न जाने आउने कत्तिको गर्नुहुन्छ ?

.........................................................................................................

८. बच्चा विद्यालय जान कत्तिको मन पराउँछ ?

.........................................................................................................

९. तपाईंले केन्द्र सञ्चालनको लागि कुनै प्रकारको शुल्क हालसम्म तिर्नु भएको छ वा छैन ?

.........................................................................................................

१०. केन्द्रको विषयमा छलफलमा सहभागि भई सहयोगीको भूमिका निर्वाह गर्नु भएको छ वा छैन ?

.........................................................................................................

११) तपाईंको विचारमा केन्द्रको संस्थागत विकासमा समस्याहरू के के रहेका छन् ?

.........................................................................................................

१२. केन्द्रको संस्थागत विकासमा अभिावकाको भूमिका बारे तपाईंको सुझाव के छ ?

.........................................................................................................

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ४

## प्र.अ./अध्यक्षका लागि अन्तवार्ता प्रश्नावली

बालविकास केन्द्रको नाम :......................................................

उत्तरदाताको नाम ........................................................ योग्यता : .........................

१. बालविकास केन्द्रको व्यवस्थापन समितिको गठन भएको छ वा छैन ?

.........................................................................................................

२. केन्द्रको लागि भवन, खेलमैदान, खानेपानी र शौचालय जस्ता भौतिक सुविधाको व्यवस्था कस्तो छ ?

.........................................................................................................

३. केन्द्रको स्वीकृति प्रक्रिया कस्तो थियो ?

.........................................................................................................

४ अभिभावकको भेला बोलाई केन्द्रको बारेमा छलफल हुने गरेको छ वा छैन ?

……………………………………………………………………………………………

.

५. केन्द्रका लागि आर्थिक स्रोतको व्यवस्था कहाँबाट हुने गरेको छ ?

……………………………………………………………………………………………

.

६. सरोकारवालहरूसँगको सम्न्ध, समन्वय र सहकार्य के कस्तो रहेको छ ?

……………………………………………………………………………………………

७. नियमित बैठक बस्छ वा बस्दैन र सोको प्रतिवेदन सम्बन्धित सरोकारवालामा पठाउने गर्नु भएको छ वा छैन ?

……………………………………………………………………………………………

.

८. सहयोगी कार्यकर्ताको छनोट कसरी गर्ने गुर्न भएको छ ?

……………………………………………………………………………………………

.

९. सहयोगी कार्यकर्ताको छनोटमा राजनैतिक दवाव के कस्तो हुने गरेको पाइन्छ ?

……………………………………………………………………………………………

.

१०. अभिावक शिक्षा र सामुदायिक जागरण कार्यक्रम सञ्चालन गर्नु भएको छ ?

……………………………………………………………………………………………

.

११०. केन्द्र सञ्चालनका लागि अभिभावकसँग शुल्क लिनु भएको छ वा छैन ?

क) छ ख) छैन

१२) केन्द्रका मुख्य समस्याहरू के के रहेका छन् ?

……………………………………………………………………………………………

.

१३.केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि तपाईंको घरपरिवारबाट के के सुझावहरू हुन सक्दछन् ?

……………………………………………………………………………………………

.

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ५

## जि.वि.स.का लागि अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नाम ………………………………………………

१.  यस जिल्लामा प्रारम्भिक बालकिवास समितिको गठन छ वा छैन  ?

...........................................................................................................

.

२. जिल्लामा सञ्चालित बालविकास केन्द्ररूप कसको मातहतमा सञ्चालनमा रहेका छन् ?

...........................................................................................................

.

३ जिला भित्र सञ्चालित बालविकास केन्द्रको अभिलेख अध्यावधि छ वा छैन ?

...........................................................................................................

.

४. जिल्ला भित्रका बालविकास केन्द्रबाट प्रतिवेदनहरू नियमित रूपमा आउने गरेको छ ?

...........................................................................................................

.

५. जिल्ला शिक्षा योजनामा बालविकास सम्बन्धी के कस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ ?

...........................................................................................................

६. बालविकास कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गरी सोबारे जिल्ला परिषदमा छलफल हुन्छ वा हुदैन ?

...........................................................................................................

.

७. बालविकास केन्द्रको दीगो विकासका लागि जि.वि.स. को आगामी योजना के कस्तो रेहेको छ ?

...........................................................................................................

.

८. बालविकास केन्द्रको संस्थागत विकासका लागि नीतिगत, प्रक्रियागत र व्यवहारिक कार्यान्वयनमा देखा परेका प्रमुख समस्याहरू के के हुन् ?

...........................................................................................................

.

९. केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालनका लागि तपाईंकोतर्फबाट के के सुझावहरू रहेका छन् ?

.......................................................................................................
.

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ६

## नगर प्रमुखका लागि अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नाम ........................................................

१. यस नगरपालिकामा अहिलेसम्म कतिवटा बालविकास केन्द्र सञ्चालन भएका छन् ?

.......................................................................................................
.

२. नगर क्षेत्र भित्र बालविकास कार्यक्रमको आवश्यकता अनुसार नक्शाङ्कन भएको छ ?

क) छ ख) छैन

३. बालविकास केन्द्रलाई स्वीकृति दिने प्रक्रिया कस्तो छ ?

.......................................................................................................
...

४. बालविकास केन्द्रको भौतिक पूर्वाधारका लागि नगरपालिकाले गरेको सहयोग के कस्तो छ ?

.......................................................................................................
.

५. नगरपालिका भित्र कतिवटा बाल क्लबहरू गठन भएका छन् ?

.......................................................................................................
.

६. नगरक्षेत्रमा सञ्चालित बालविकास केन्द्रबाट नियमित प्रतिवेदन प्राप्त हुन्छ वा हुँदैन ?

.......................................................................................................

७. बालविकास केन्द्रहरूको नियमित अनुगमन तथा निरीक्षण हुन्छ वा हुँदैन ?

.....................................................................................................

.

८. बालविकास केन्द्रको लागि नगर परिषदबाट के कस्ता कार्यक्रमहरू पारित गरिएको छ ?

.....................................................................................................

.

९. बालविकास केन्द्रको संस्थागत विकासका लागि देखा परेका प्रमुख समस्याहरू के के हनु ?

.....................................................................................................

.

१०. केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालनका लागि तपाईंको तर्फबाट सुझवहरू के के छन् ?

.....................................................................................................

.

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ७

## वि.नि./फोकल पर्सनका लागि अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नाम ........................................................

१. जिल्लामा सञ्चालित बालिविकास केन्द्र, पूर्व प्राथमिक विद्यालय वा कक्षाको निरीक्षण वर्षमा कति पटक गर्नु हुन्छ ?

.........................................................................................................
.

२. जिल्लामा सञ्चालित सरकारी एवम् गैर सरकारी निकाय, संघसंस्थाबाट बाल विकास कर्याक्रमको प्रतिवेदन तयार गरी नियमित रूपमा विभागमा पठाउने गर्नु हुन्छ कि हुँदैन ?

क) गरिन्छ ख) गरिदैन ग) कहिलेकाहीं गरिन्छ

३ बालविकास केन्द्रमा गुणस्तर सुधारका लागि यहाबाट के कस्तो प्राविधिक सहयोग प्रदान गर्नु भएको छ ?

.........................................................................................................
.

४. बाल विकास कार्यक्रमसँग सम्बद्ध संस्था एवम् निकायको सञ्जाल गठन गर्नु भएको छ ?

.........................................................................................................
.

५. यस्तो सञ्जालका लागि तपाईंले खेलेको भूमिका कस्तो छ ?

.........................................................................................................

६. वि.नि. तथा फोकल पर्सनको भूमिकामा देखा परेका प्रमुख समस्याहरू के के हुन सक्छन् ?

.........................................................................................................
.

७. वि.नि. तथा फोकल पर्सनको भूमिकालाई थप प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

..........................................................................................................

.

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ८

## सेतो गुराँस बालविकास सेवा केन्द्र प्रमुखका लागि अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नाम ...................................................... योग्यता : ..................

१. सेतो गुराँस बालविकास केन्द्रद्वारा सञ्चालित केन्द्रहरू यो जिल्लामा कति छन् ?

.........................................................................................................

.

२. तपाईंको संस्था कार्यक्रम साझेदार, सहयात्री एवम् सहयोगी संस्था मध्ये कुन हो ?

...................................................................................................

३ यस संस्थाले आफूसँग उपलब्ध आर्थिक अन्य स्रोत र सामग्रीहरू कुन संरचनामार्फत बालकिवास केन्द्रलाई उपलब्ध गराउने गर्नु हुन्छ ?

.........................................................................................................

.

४. प्रारम्भिक बालकिवास कार्यक्रम सम्बन्धी कार्यमूलक अध्ययन तथा अनुसन्धान यस जिल्लामा गर्नु भएको छ ?

.........................................................................................................

.

५. प्रारम्भिक बालविकास केन्द्र सहकारी कार्यक्रमलाई विस्तार एवम् व्यवस्थित गर्न के कस्ता कार्यक्रमहरू गर्नु भएको छ ?

..............................................................................................................

६. बालविकास कार्यक्रमको सञ्जाल सदस्यको रूपमा काम गर्दा के कस्ता अनुभवहरू प्राप्त गर्नु भएको छ ?

.........................................................................................................

.

७. प्रारम्भिक बालकिवास कार्यक्रम तथा बालविकास केन्द्रलाई प्रभावकारी बनाउन र व्यवस्थित गर्न (शैक्षिक एवम् भौतिक व्यवस्थापन) यस संस्थाले गरेका प्रयासहरू के के छन् ?

............................................................................................

८. यस्ता कार्यक्र सञ्चालनमा देखा परेका प्रमुख समस्याहरू के के छन् ?

............................................................................................

९. बालविकास कार्यक्रम तथा बालविकास केन्द्रलाई अझबढी प्रभावकारी बनाउन संस्थागत भूमिका कस्तो हुनु पर्दछ ?

............................................................................................

## बालविकास केन्द्रको व्यवस्थापन

## अनुसूची : ९

## छनोट भएका बालविकास केन्द्रहरूको विद्यार्थी विवरण

| क्र.सं. | बालकिवास केन्द्रको नाम | २०६६ | | | २०६७ | | | २०६८ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| 2 | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | |

## अनुसूची : १०

## सहयोगी कार्यकर्ताको विवरण

| क.सं. | बालविकास केन्द्र विद्यालयको नाम र ठेगाना | सहयोगी कार्यकर्ताको नाम | योग्यता | तालिम अवधि | अनुभव | कामगर्ने अवधि | थप सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | बालविकास केन्द्र श्री महेन्द्र प्रा.वि., क.व.न.पा.१ | | | | | | | |
| 2 | बालविकास केन्द्र श्री यासोधारा मा.वि., क.व.न.पा.४ | | | | | | | |
| 3 | शान्ति बालविकास केन्द्र क.व.न.पा. १० | | | | | | | |
| 4 | सेता गुँरास बालविकास केन्द्र क.व.न.पा. ४ | | | | | | | |

## अनुसूची : ११

## शैक्षिक व्यवस्थापनको अवस्था

| क्र.सं. | बालविकास केन्द्र विद्यालयको नाम | कक्षाकोठा व्यवस्थापनको अवस्था | | | | खेलकुद तथा शैक्षिक सामग्री निर्माण र उपयोगको अवस्था | | | | पाठ्यक्रम निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | ज्यादै कम | उत्तम | मध्यम | सामान्य | ज्यादै कम | उत्तम | मध्यम | सामान्य |
| 1 | बालविकास केन्द्र श्री महेन्द्र प्रा.वि. | | | | | | | | | | | |
| 2 | बालविकास केन्द्र श्री यसोधार मा.वि. | | | | | | | | | | | |
| 3 | शान्ति बाल विकास केन्द्र | | | | | | | | | | | |
| 4 | सेतो गुराँसा बालविकास केन्द्र | | | | | | | | | | | |